# प्रहरी दर्पण २०८१

# POLICE MIRROR 2024




## नेपाल प्रहरी

### सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरीद्वारा २०८१ सालमा प्रकाशित**

**नेपाल प्रहरी**
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं, नेपाल

सर्वाधिकार © नेपाल प्रहरी

**प्रतिलिपि अधिकार सम्बन्धी सूचना**
यस प्रकाशनको कुनै पनि भाग प्रकाशकको पूर्वस्वीकृति बिना कुनै पनि रूपमा वा कुनै पनि माध्यम इलेक्ट्रोनिक, मेकानिकल, फोटोकपी, रेकर्डिङ वा अन्य विधिद्वारा पुनः उत्पादन, भण्डारण, प्रकाशन वा प्रसारण गर्न पाइने छैन।

तस्विरको मौलिक प्रतिलिपि अधिकार सम्बन्धित फोटोग्राफरहरुसँग निहित रहनेछ।

ISBN No. ९७८-९९३७-१-७१७९-३

**तस्विर:**
सम्माननीय प्रधानमन्त्रीको तस्विर: दिनेश भण्डारी
नेपाल प्रहरी पुराना तस्विर: राउण्डस इमेजिङ्ग सर्भिसेज एलएलसि
दृष्टिकोण तथा मार्गदर्शनका तस्विर: सामाजिक सञ्जाल

तस्विर सङ्कलन: फोटोग्राफी शाखा, नेपाल प्रहरी प्रधान कार्यालय

**डिजाइन:**
विवेक श्रेष्ठ
इम्प्रेसन्स्, ए क्रिएटिभ डिजाइन प्रा. लि.,
ज्वागल, ललितपुर, नेपाल

# प्रहरी दर्पण २०८१

# POLICE MIRROR 2024



## नेपाल प्रहरी

### सत्य सेवा सुरक्षणम्





*सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली*

**प्रधानमन्त्री**

काठमाडौं, नेपाल ।

## शुभकामना

६९औं प्रहरी दिवसका अवसरमा प्रहरी दर्पण २०८१ प्रकाशन गर्न लागेको खबरले मलाई खुसी तुल्याएको छ । यस अवसरमा म नेपाल प्रहरीमा कार्यरत तथा सेनानिवृत्त प्रहरी र परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु । आफ्नो राष्ट्र र नागरिकको जीवन रक्षा गर्दै कर्तव्यपालनको सिलसिलामा ज्यान अर्पण गर्नुहुने वीर अमर प्रहरीहरूको सम्मान र स्मरण गर्दछु ।

नेपाल प्रहरी देशमा शान्ति सुव्यवस्था कायम गर्ने, कानूनको कार्यान्वयन गर्ने, अपराध नियन्त्रण तथा अनुसन्धान गर्ने महत्वपूर्ण निकाय हो । अत्यन्त चुनौतीपूर्ण एवम् संवेदनशील कार्यमा अग्रसर नेपाल प्रहरी सक्षम र व्यावसायिक सङ्गठन हो । देश र नागरिकप्रति कर्तव्यनिष्ठ नेपाल प्रहरीको गौरवगाथा उज्ज्वल छ । कानून र विधिको शासन कायम राख्न, समुदायलाई सुरक्षित एवम् शान्तिपूर्ण बनाउन र राष्ट्र एवम् नागरिकको सेवा गर्न अहोरात्र खटिने हाम्रा लगनशील प्रहरी कर्मचारीहरूप्रति म गर्व गर्छु । नेपाल प्रहरीले सक्षमतापूर्वक निर्वाह गरेको भूमिका प्रशंसायोग्य छ ।

सीमित साधनस्रोतको बाबजुद पनि नेपाल प्रहरीले आफूलाई सुम्पिएको दायित्व कुशलतापूर्वक निर्वाह गर्दै आएको छ । अपराध अनुसन्धानमा आधुनिक तथा नवीन प्रविधिको प्रयोगमा नेपाल प्रहरीले गरेको उपलब्धि महत्वपूर्ण छ । यस सन्दर्भमा सरकारले नेपाल प्रहरीलाई थप प्रविधियुक्त बनाउँदै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

नेपाल संघीय शासन प्रणालीमा अगाडि बढिरहेको यस अवस्थामा प्रहरी सेवाले थप सुरक्षा जिम्मेवारी वहन गर्नुपर्नेछ । यस तथ्यलाई महसुस गर्दै प्रहरी सङ्गठनको नेतृत्वले संघीय संरचनासँग सङ्गठनका कार्यहरूको सुचारु र प्रभावकारिता सुनिश्चित गर्न आफ्नो पूर्ण लगनशीलता, दृढता र दक्षता प्रदर्शन गर्नेछ भन्ने मलाई विश्वास छ ।

मुलुकमा उत्पन्न हुने प्राकृतिक प्रकोपहरु बाढी, पहिरो, भूकम्प, आगलागीजस्ता विपदजन्य घटनाहरुमा नेपाल प्रहरीका सदस्यले आफ्नो ज्यानलाई जोखिममा पारी नागरिकप्रति देखाएको परोपकारी भावना र सम्पादन गरेको कामको म उच्च मूल्याङ्कन गर्दछु ।

अन्त्यमा, ६९औं प्रहरी दिवसका अवसरमा प्रकाशन हुने प्रहरी दर्पण २०८१ ले प्रहरीको कामलाई अझ प्रभावकारी बनाउने छ भन्ने विश्वास छ । यस दर्पणले नेपाल प्रहरीको वीरताको गाथा जनसमक्ष प्रस्तुत गर्न सफल रहोस् र सम्पूर्ण प्रहरीका निम्ति प्रेरणादायी बन्न सकोस् भन्दै प्रहरी दिवसको उपलक्ष्यमा पुनः हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

१ असोज, २०८१

केपी शर्मा ओली



माननीय गृहमन्त्री रमेश लेखक

नेपाल सरकार
गृह मन्त्रालय
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS

गृहमन्त्री
MINISTER FOR HOME AFFAIRS

# शुभकामना

नेपाल प्रहरीले आफ्नो ६९औं प्रहरी दिवस २०८१ को शुभ अवसरमा वार्षिक प्रकाशन 'प्रहरी दर्पण २०८१' प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त हर्ष लागेको छ। वार्षिकोत्सव मनाउने यस पावन अवसरमा नेपाल प्रहरी परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

राज्यको कानून कार्यान्वयन गर्ने महत्वपूर्ण निकायको रूपमा नेपाल प्रहरीले देशभर शान्ति सुव्यवस्था कायम राख्न गरेको योगदान र नागरिकहरूको सुरक्षामा पुऱ्याएको अथक प्रयासले सार्वजनिक सेवाप्रति नेपाल प्रहरीको समर्पण र अटल प्रतिबद्धता झल्काउँछ। नागरिकसँगको सामीप्यता, आधुनिक प्रविधिको प्रयोग र अपराध रोकथाम तथा अनुसन्धानका लागि सक्रिय दृष्टिकोणका साथ समुदायसँग एकाकार हुँदै आफ्नो जिम्मेवारी र पदीय कर्तव्यबाट विचलित नभई सत्य र निष्ठाका साथ गरेको कर्मले नेपाल प्रहरीलाई सुरक्षाको संरक्षक र समुदायको विश्वासको खम्बाको रूपमा स्थापित गरेको छ।

प्रहरी सङ्गठनले समयानुकूल थपिएका जिम्मेवारी पूरा गर्न र नयाँ चुनौतीहरू सामना गर्न आधुनिक अभ्यासहरू अँगाल्दै आएको छ। अनुशासन, कडा परिश्रम र कर्तव्यप्रति निःस्वार्थ समर्पणका साथ नेपाल प्रहरीका सदस्यहरूले प्रतिकूल परिस्थितिमा समेत नागरिकको जीवन र सम्पत्ति जोगाउन खेलेको भूमिकाको लागि धन्यवाद दिन चाहन्छु। लोकतान्त्रिक मूल्यमान्यता, मानव अधिकार र विधिको शासनलाई कायम राख्न नेपाल प्रहरीले सत्य र निष्पक्षताका साथ सङ्गठनलाई नयाँ उचाइमा पुऱ्याउने छ भन्ने विश्वास लिएको छु।

कर्तव्यको खातिर आफ्नो जीवन उत्सर्ग गर्नुहुने नेपाल प्रहरीका वीर अमर प्रहरीहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। अमर प्रहरीहरूको त्याग र साहस हामी सबैका लागि प्रेरणाको स्रोत हो र उहाँहरूको बलिदान, राष्ट्रभक्ति र कर्तव्यपरायणताको प्रशंसा गर्दछु।

नेपाल प्रहरीलाई कानूनको शासनका मूल सिद्धान्तहरूद्वारा निर्देशित प्रभावकारी अपराध नियन्त्रण, अनुसन्धान र कानूनको कार्यान्वयनको माध्यमबाट समाजमा शान्ति, सुव्यवस्था र सुरक्षा स्थापना गर्ने आफ्नो लक्ष्यमा अडिग रहन निर्देश गर्दछु। सबैका लागि सुरक्षित र मेलमिलापपूर्ण समाज निर्माण गर्नको निम्ति नेपाल प्रहरी निरन्तर लागिपर्ने कुरामा विश्वस्त छु।

अन्त्यमा, नेपाल प्रहरीले वर्षभर गरेका गतिविधि र उपलब्धिहरू समेटेर प्रकाशन गरिने यस प्रहरी दर्पणले वर्तमान संस्थागत दृष्टिकोण र भविष्यका लागि लक्ष्यहरू चित्रण गर्दै सिर्जनात्मक योगदान र प्रेरणा दिन सकोस् भन्ने मेरो शुभकामना छ।

रमेश लेखक
माननीय गृहमन्त्री

Ministry of Home affairs, Singha Durbar, Kathmandu, Nepal
Tel: +977-1-4211229, 4211247, Fax: + 977-1-4211232

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

सर्वप्रथम, नेपाल प्रहरीको ६९ औं वार्षिकोत्सवको शुभ अवसरमा नेपाल प्रहरी एवम् सम्पूर्ण प्रहरी कर्मचारीहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । नेपाल प्रहरीले आफ्नो स्थापनाको करिब सात दशक लामो अनवरत् एवम् गौरवमय यात्रामा देश र नागरिकका लागि प्रदान गरेको सेवा तथा योगदान अत्यन्त उदाहरणीय र अनुकरणीय रही आएको छ । नेपाल प्रहरीको सेवा, उपलब्धि एवम् प्रगति झल्काउने "प्रहरी दर्पण, २०८१" प्रकाशन गर्न लागेकोमा मलाई धेरै खुसी लागेको छ।

नेपाल प्रहरीको लक्ष्य, उद्देश्य र मूल्यमान्यता प्रतिको अटल समर्पणले आम नागरिक एवम् सेवाग्राहीसँगको सम्बन्धलाई प्रगाढ बनाएको छ । नेपाल प्रहरीलाई यहाँसम्म ल्याइपुऱ्याउनमा जीवन उत्सर्ग गर्नुहुने वीर अमर प्रहरीहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । सम्पूर्ण पूर्व एवम् बहालवाला प्रहरी कर्मचारीहरु प्रति सम्मान व्यक्त गर्दछु। देशव्यापीरुपमा रहेको नागरिकमैत्री तथा सहज पहुँचयोग्य सङ्गठन संरचना, २४ सै घण्टा सेवा प्रवाह एवम् उपस्थिति लगायतका मानकहरुबाट नेपाल प्रहरी आम नागरिकहरूको दैनिकी र जीवनसँग सम्बन्ध राख्ने पहिलो र निकटतम् संस्था बनेको छ भन्ने मलाई लागेको छ। यसले सुरक्षाको गहन भावना जगाएको छ र आम नागरिकको भरोसा एवम् विश्वास बढाएको छ।

विशिष्ट र गौरवशाली इतिहास भएको नेपाल प्रहरीले विभिन्न कालखण्डमा आइपरेका आरोह अवरोहहरुलाई पूर्ण इमान्दारी र व्यावसायिकताका साथ समयसापेक्ष अनुकूलन क्षमता प्रदर्शन गरी सामना गर्दै आएको छ। यो विशिष्ट क्षमता नेपाल प्रहरीका लागि मात्र नभएर अरु धेरै निकायहरुका लागि समेत अनुकरणीय बनेको छ।

म नेपाल प्रहरीका सम्पूर्ण प्रहरी कर्मचारीहरुलाई देशमा विधिको शासन, मानव अधिकारको रक्षा एवम् प्रवर्धन गर्दै आम नागरिकको भरोसा एवम् अनुभूति योग्य प्रहरी सेवा प्रवाह गर्न प्रोत्साहन गर्दछु। सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता कायम राखी उत्कृष्टताको निरन्तर प्रयासद्वारा समाजमा प्रहरी सेवाप्रति नागरिकको विश्वास र सम्मान अभिवृद्धि गर्न अनुरोध गर्दछु।

अन्त्यमा, "प्रहरी दर्पण, २०८१" मा उल्लिखित विषयवस्तुको अध्ययनबाट आम नागरिकले समाजमा प्राप्त हुने गरेको प्रहरी सेवाको दुरुस्त प्रतिबिम्ब देख्न सक्नेछन् भन्ने विश्वास लिएको छु । नेपाल प्रहरीले सदाचार एवम् सुशासनका माध्यमद्वारा विधिको शासन कायम गरी सुरक्षित एवम् समृद्ध राष्ट्र निर्माणमा अझै उल्लेख्य योगदान पुऱ्याउन सक्छ भन्ने विश्वास लिएको छु। ६९ औं नेपाल प्रहरी वार्षिकोत्षवको अवसरमा पुनः हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

२०८१।६।१५

गोकर्णमणि दुवाडी
(गृह सचिव)



गृह सचिव गोकर्णमणि दुवाडी



## प्रहरी महानिरीक्षकको शुभकामना सन्देश

प्रहरी सेवा हाम्रो समाजको एक महत्वपूर्ण स्तम्भ हो, जसले कानून र व्यवस्था कायम राख्न, नागरिकहरूको अधिकारको रक्षा गर्न र न्यायका सिद्धान्तहरूलाई कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ । नेपाल प्रहरीको ६९ औं वार्षिकोत्सवको अवसरमा समुदायसँगको विश्वास र सहकार्यलाई प्रवर्धन गर्न हाम्रो अडिग समर्पणको प्रतिविम्ब प्रस्तुत गर्नु अत्यन्त उपयुक्त छ । यो साझेदारी अपराधसँग प्रभावकारी रुपमा लड्न र सबै नागरिकहरूको लागि सुरक्षित वातावरण सुनिश्चित गर्न आवश्यक छ ।

यस विशेष अवसरमा राष्ट्र र नागरिक सेवाका लागि प्राणको आहुति दिनुहुने अमर प्रहरीहरुप्रति सङ्गठन प्रमुखको हैसियतले भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । उहाँहरूको उत्सर्गको दियोले नै सङ्गठनको इतिहास गौरवशाली बनाएको छ, गरिमा उजिल्याएको छ । उहाँहरूको साहस, समर्पण र अन्तिम त्याग हाम्रो राष्ट्र र जनताको सुरक्षाको लागि अटल प्रतिबद्धताको प्रमाण हो । यसका लागि उहाँहरूप्रति सदैव अनुग्रहित रहँदै कर्तव्य पालनाका दौरानमा घाइते तथा शारीरिक रूपमा अशक्त हुनुभएका सम्पूर्ण प्रहरी अधिकृत तथा जवानहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

हाम्रा समर्पित प्रहरी कर्मचारीहरू निरन्तर हाम्रो प्रयासको अग्रभागमा रहेका छन् कानूनको शासनलाई कायम राख्दै, न्याय सुनिश्चित गर्दै सेवा र सुरक्षामा अहोरात्र खटिदै आएका छन् । उनीहरूको अडिग प्रतिबद्धता र नि:स्वार्थ बलिदान प्रशंसनीय छ र म यस अवसरमा हाम्रो समाजको सुरक्षामा उनीहरूको असाधारण योगदानको लागि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । नेपाल प्रहरी प्रमुखको रूपमा म सबै कर्मचारीहरूलाई हाम्रा विगतका उपलब्धिहरूबाट प्रेरणा लिन र नवप्रवर्तनलाई अंगाल्न, समुदाय-प्रहरी साझेदारीलाई सुदृढ गर्न र हाम्रो प्रतिष्ठित संस्थालाई परिभाषित गर्ने मूल्यमान्यताहरूलाई कायम राख्न आग्रह गर्दछु ।

यसै अवसरमा म सम्पूर्ण पूर्व प्रहरी कर्मचारीहरूप्रति आभार प्रकट गर्न चाहन्छु, जसले नेपाल प्रहरी सङ्गठनलाई आकार दिन महत्वपूर्ण योगदान दिनु भएको छ । उहाँहरूको दूरदर्शी नेतृत्व, कडा परिश्रम र आधारभूत प्रयासहरुले आजको आधुनिक तथा व्यावसायिक प्रहरी सेवाको जग बसेको छ । साथै, उहाँहरूको समर्पणले हाम्रो सङ्गठनलाई इमानदारी, दक्षता र सेवाको प्रतीकको रूपमा रुपान्तरण गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

प्रहरी दर्पण नेपाल प्रहरीद्वारा सम्पादित कार्य प्रगति र नेपाल प्रहरीका महत्वपूर्ण उपलब्धिहरूको संग्रहको साथै यस सङ्गठनको राष्ट्र र नागरिकप्रतिको जिम्मेवारी तथा भूमिकालाई प्रतिविम्बित गर्दै आगामी रणनीतिक लक्ष्यहरूको मार्गचित्र प्रदान गर्ने मञ्चको रुपमा समेत रहेको छ । प्रहरी दर्पण २०८१ को प्रकाशनमा खटिनुहुने सम्पादकीय समूहलाई उहाँहरुको अथक मेहनत र परिश्रमको लागि धन्यवाद दिन चाहन्छु । अन्त्यमा, ६९ औं प्रहरी दिवसको पुनीत अवसरमा सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु ।

बसन्त बहादुर कुँवर
(प्रहरी महानिरीक्षक)





प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर



# मुख्य झलकहरु


०१ नेपाल प्रहरी परिचय

०८ अन्वेषण योजना तथा विकास निर्देशनालय

१३ प्रशासन विभाग

१९ मानवस्रोत विकास विभाग

२३ कार्य विभाग

३३ अपराध अनुसन्धान विभाग








३९ नेपाल प्रहरी अस्पताल

४५ राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

५५ काठमाडौं उपत्यका प्रहरी

६१ विशेष ब्यूरो

६९ प्रदेश समन्वय विभाग

८२ नेपाल प्रहरी श्रीमती संघ

८५ पर्यटक प्रहरी

९० खेलकुदमा नेपाल प्रहरी

९२ दृष्टिकोण तथा मार्गदर्शन

# सम्पादकीय

राष्ट्रको सेवा र सुरक्षामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने नेपाल प्रहरीको समृद्ध विरासत र इतिहासलाई पुन: एक पटक मनाउने क्रममा "प्रहरी दर्पण २०८१" को प्रकाशन गर्दैछौं । ६९ औं प्रहरी दिवसको यस ऐतिहासिक अवसरमा यो प्रकाशन नेपाल प्रहरीको विकास, समर्पण र उपलब्धिहरुको प्रमाणको प्रतिविम्ब हो। नेपाल प्रहरीलाई आजको विश्वासिलो संस्थाको रुपमा प्रतिविम्बित गर्न शान्ति सुरक्षा कायम तथा कानून कार्यान्वयन गर्ने सन्दर्भमा सङ्गठनात्मक प्रतिबद्धतासहित उत्कृष्ट तवरबाट नेपाल प्रहरी प्रयासरत् रहेको तथ्यलाई यस प्रहरी दर्पणले उजागर गरेको छ ।

प्रहरी दिवस वार्षिक क्यालेन्डरको एउटा कार्यक्रम मात्र होइन, यसले आम नागरिकको सुरक्षा सुनिश्चित गर्न जस्तोसुकै परिस्थितिमा कर्तव्य निर्वाह गर्नको निमित्त खटिने बर्दीधारी प्रहरी कर्मचारीहरुको बहादुरी, लगनशीलता र समर्पणभावलाई समेत दर्शाउँछ । गत वर्ष विभिन्न क्षेत्रहरुमा प्रहरीका तथ्यगत उपलब्धिहरु भएका छन्। आधुनिक अनुसन्धान प्रविधिमा भएको प्रगति होस् परिचालन रणनीतिमा भएको प्रगति होस् वा सामुदायिक सहभागितामा भएको सुधार होस्, कानून कार्यान्वयनका जटिलताहरुलाई सम्बोधन गर्न नेपाल प्रहरीले नवीनतम् अवधारणालाई आत्मसात् गर्दै आइरहेको छ। यी सबै उपलब्धिहरुले राष्ट्रप्रतिको सत्य, सेवा र सुरक्षाको साङ्गठनिक मूल्यमान्यतालाई प्रतिविम्बित गर्दछ ।

स्वदेश र विदेशमा नेपाल प्रहरीले प्राप्त गरेका महत्वपूर्ण उपलब्धिहरू र पार गरेका चुनौतीहरुका साथै सङ्गठनले हासिल गरेको समग्र सफलताहरु समेतलाई प्रहरी दर्पण २०८१ ले उजागर गर्दछ। उपलब्धि प्राप्तिका लागि सङ्गठनले गरेका प्रयासहरु र अवलम्बन गरेको दृष्टिकोणलाई हामीले यस प्रकाशनको पृष्ठहरुमा समेटेका छौं ।

यस प्रकाशनको निर्माणमा संलग्न सबैप्रति हामी हार्दिक आभारी छौं । यस प्रकाशनले नेपाल प्रहरीको समर्पण, साहस र निरन्तर प्रयासलाई सम्मान गर्दै भविष्यका चुनौतीहरु सामना गर्न प्रेरणा प्रदान गर्दछ भन्ने विषयमा हामी विश्वस्त छौं ।



**पछिल्लो लहरमा:** प्र.ह. तेज बहादुर सिंजापति, प्र.नि. प्रसान्त श्रेष्ठ, प्र.नि. इश्वर राउत, प्र.ना.उ. संजिव बाबु खड्का, प्र.ना.उ. रघु सिंह बिष्ट, प्र.ना.उ. दान बहादुर थापा, प्र.ना.उ. अनिस कुमार कर्ण, प्र.ना.उ. दान बहादुर थापा, प्र.ना.उ. किरणजङ्ग कुँवर, प्र.व.ना.नि. राज कुमार श्रेष्ठ, **अघिल्लो लहर:** प्र.उ. गोविन्द पुरी, प्र.व.उ. विश्व अधिकारी, प्र.ना.म.नि. दान बहादुर कार्की, प्र.उ. श्याम कुमार महतो, प्र.ना.उ. चञ्चला श्रेष्ठ

# परिचय

नेपाल प्रहरीको विरासत

# प्रहरीको ऐतिहासिक विकासक्रम

नेपाल प्रहरी मुलुकमा अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान गर्ने तथा शान्ति सुव्यवस्था कायम गर्ने राज्यको अग्रपंक्तिमा सेवारत विशाल संयन्त्रयुक्त सङ्गठनको रुपमा रहेको छ । नेपालमा प्रहरी व्यवस्थाको सुरुवात कहिलेदेखि भएको हो भन्ने यकिन नभए पनि देश, काल, परिस्थिति र तत्कालीन व्यवस्था बमोजिमको परिवर्तन एवम् धेरै वर्षको क्रमिक विकास पश्चात् मात्र नेपाल प्रहरी आजको यस स्वरूपमा आइपुगेको हो।

नेपालको इतिहासमा नेपाल प्रहरीको इतिहास विविध कालखण्ड सँगसँगै विकास, विस्तार र परिमार्जन हुँदै आएको छ। प्राचीन तथा मध्यकालीन नेपालमा प्रहरी व्यवस्थाका सम्बन्धमा किटानका साथ उल्लेख नभए तापनि कोतवाल, उमराव, फौजदार, नाइके जस्ता सैन्य व्यवस्थामा आधारित नामबाट आन्तरिक सुरक्षा र कानून कार्यान्वयन गर्दै आइरहेको थियो। इतिहासका विभिन्न कालखण्डमा विभिन्न नाम र स्वरूपमा छरिएर राष्ट्र र नागरिक सुरक्षामा केन्द्रित समूहहरुलाई आज भन्दा करिब ७ दशक पहिला एक सूत्रमा सङ्गठित गरी वि.सं. २०१२ सालमा प्रहरी ऐन जारी गरी नेपाल प्रहरी सङ्गठनको रुपमा वैधानिकता प्रदान भएको थियो । देशव्यापी विशाल सङ्गठनको स्वरुप पाएको सोही मितिबाट नेपालमा प्रहरी सेवाको नयाँ अध्यायको थालनी भएको हो ।

नेपालको संविधान, प्रहरी ऐन तथा नियमावली, प्रचलित ऐन, कानून, निर्देशिका तथा कार्यनिर्देशनहरुद्वारा प्रदत्त अधिकार बमोजिम समाजमा अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान, शान्ति सुव्यवस्था कायम, सवारी आवागमन, विपद् व्यवस्थापन तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन लगायतको अभिभारा नेपाल प्रहरीले मुख्य जिम्मेवारीको रूपमा वहन गर्दै आएको छ ।

देशको सामाजिक, आर्थिक तथा राजनैतिक घटनाक्रमसँग नेपाल प्रहरीको कार्यक्षेत्र प्रत्यक्ष रूपमा जोडिएको हुँदा समाजमा देखिएको अस्थिरता वा सार्वजनिक सुरक्षामा आएको खलल् व्यवस्थापन गर्न एवम् कानूनी व्यवस्था कायम गर्न नेपाल प्रहरी कटिबद्ध रहिआएको छ ।

नेपाल प्रहरीले देशको परिवर्तनसँगै नागरिक केन्द्रित दृष्टिकोणलाई आत्मसात् गर्दै परम्परागत सुरक्षा चिन्ताका साथै सामाजिक सेवाका विभिन्न आयामहरूलाई पनि शिरोपर गरी आफ्नो दायरा फराकिलो बनाएको छ । समाज र नागरिकको आवश्यकता, अपेक्षा र माग अनुसार नेपाल प्रहरी क्रमश: विकसित हुँदै सत्य, सेवा र सुरक्षणम् मूलमन्त्र बोकेको आधुनिक, सेवामुखी र भरोसायोग्य संस्थाको रूपमा नागरिकमैत्री सेवा प्रवाह गर्ने निकायको रुपमा परिचित भएको छ ।

नेपाल प्रहरी समाजको गति र परिवर्तनसँग तालमेल गर्दै आफ्ना साङ्गठनिक मूल्यमान्यतालाई कायम राख्दै समाजमा शान्ति सुरक्षा अमन चयनको सुनिश्चितता दिलाउने सेवा प्रवाह गर्ने निकायको रूपमा परिणत भएको छ। विश्वव्यापी बदलिँदो परिवेश अनुरुप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अपराधका नयाँ आयाम, प्रकृति र प्रवृत्तिमा समेत व्यापक परिवर्तन आएको छ, जसका लागि इन्टरपोल जस्ता अन्तर्राष्ट्रिय निकाय र विश्वभरका कानून कार्यान्वयन गर्ने निकायहरुसँगको समन्वय, सहकार्य र साझेदारीका माध्यमबाट राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा नै आफूलाई अब्बल, सक्षम र सफल सावित गर्दै राष्ट्र र नागरिकको सेवामा समयानुकूल परिमार्जित र परिष्कृत सङ्गठनको रुपमा नेपाल प्रहरी प्रतिबद्ध रहँदै आएको छ ।



*२०२६ सालमा भक्तपुर सडक छेउ रहेको प्रहरी छाप्रो ।*





नैतिकता

# दूरदृष्टि र अनुष्ठान




## दूरदृष्टि

स्वच्छ, व्यावसायिक
एवम् नागरिक केन्द्रित
प्रहरी सेवा।



## प्रहरी अनुष्ठान

कानूनी राज्यको मूल अवधारणाबाट निर्दिष्ट रही प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धानद्वारा समाजमा शान्ति स्थापना गरी मानव अधिकारको संरक्षणमा प्रतिबद्ध, राष्ट्रप्रति समर्पित स्वच्छ, व्यावसायिक, निष्ठायुक्त र जनसहभागितामूलक प्रहरी सेवा।



## आदर्श वाक्य

सत्य
सेवा
सुरक्षणम्

## मूल्य मान्यता

व्यावसायिक क्षमता,
साहस,
इमान्दारी,
कानूनप्रति सम्मान,
नागरिकप्रति आदर,
निष्पक्षता र करुणा,
निष्ठा,
प्रतिबद्धता र
मेहनत।





# परिचालन तथा नियन्त्रण



सकल दर्जाका प्रहरी कर्मचारीहरुलाई निर्देशन सम्बोधन गर्नुहुँदै प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर

# शिष्टाचार भेटघाट तथा अन्तरक्रिया

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समकक्षीहरु बिचको शिष्टाचार भेटघाट र अन्तरक्रियाले नेपाल प्रहरीको द्विपक्षीय र बहुपक्षीय सम्बन्धलाई सुदृढ गर्न महत्वपूर्ण मञ्चको रूपमा काम गर्न सक्दछ। नेपाल प्रहरी र अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबिच हुने यी भेटघाटले सकारात्मक सद्भाव बढाउँदै सम्बन्ध स्थापना गर्न मद्दत पुऱ्याउँछ। नियमित अन्तरक्रियाले विश्वास, सहयोग र पारस्परिक सम्मानको आधार बनाउँछ, जुन सहज र प्रभावकारी समन्वयका लागि आवश्यक हुन्छ ।

यस प्रकारको समन्वयले विशेषगरी पारस्पारिक व्यवसायिक सम्बन्ध सुदृढ गर्न, अन्तर्राष्ट्रिय सीमापार अपराध नियन्त्रण गर्ने लगायत विभिन्न क्षेत्रहरुलाई सम्बोधन गर्न सक्दछ । कूटनीतिक र व्यावसायिक सम्बन्ध सुदृढ गर्ने, उत्तम अभ्यास र ज्ञानको आदानप्रदानमा साझेदारी गर्ने, क्षमता निर्माण र प्रशिक्षण, कानूनी र प्राविधिक सहयोगको आदानप्रदान, द्विपक्षीय र बहुपक्षीय सहयोग तथा समन्वय, अन्तर्राष्ट्रिय अपराध नियन्त्रणमा सहयोग जस्ता मुख्य बिषयहरुलाई भ्रमण र भेटघाटले सम्बोधन गर्न सक्छन्। आतंकवाद, मानव बेचबिखन, लागु औषध तस्करी र साइबर अपराध जस्ता अन्तर्राष्ट्रिय प्रकृतिका अपराधलाई ध्यानमा राख्दै समकक्षीहरु बिचको अन्तरक्रिया र समन्वयले विभिन्न जानकारीहरु आदानप्रदान गर्दै त्यस्ता अपराध विरुद्ध लड्नका लागि संयुक्त प्रयास गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । नेपाल प्रहरीले बलियो अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरेर सीमा सुरक्षा बढाउन र सीमापार आपराधिक गतिविधिहरुलाई नियन्त्रण गर्न सक्दछ । यस प्रकृतिका बैठकहरूले विचार, विशेषज्ञता र अनुभवको आदानप्रदानको लागि अवसर प्रदान गर्दछ। नेपाल प्रहरीले आधुनिक प्रहरी प्रविधि, अनुसन्धान उपकरण वा उन्नत प्रविधिका बारेमा अन्तर्राष्ट्रिय समकक्षीहरूबाट सिक्न सक्छ भने अपराध रोकथाम, अनुसन्धान र कानून कार्यान्वयनको रणनीतिहरूको विश्वव्यापी बुझाईमा योगदान पुऱ्याउँदै नेपाल प्रहरीले आफ्ना स्थानीय अन्तर्दृष्टि र अभ्यासहरूका बारेमा आफ्ना अनुभवहरु प्रदान गर्न सक्दछ।







*विदेशी प्रतिनिधिमण्डलसँग शिष्टाचार भेटघाट गर्नुहुँदै प्र.म.नि. बसन्त बहादुर कुँवर ।*



संयुक्त राष्ट्रसंघ, सुरक्षा तथा न्याय विभागका सुरक्षा सल्लाहकार आन्नद आलोकाबन्दरासँग प्र.म.नि. बसन्त बहादुर कुँवरको शिष्टाचार भेटघाट ।




भारतीय दूतावासका प्रथम सचिव अविनाश कुमार सिंहसँग प्र.म.नि. बसन्त बहादुर कुँवरको शिष्टाचार भेटघाट ।



अध्ययन भ्रमणका क्रममा नेपाल प्रहरी प्रधान कार्यालय पाल्नुभएका सि सं. १२ "हायर कमाण्ड एण्ड म्यानेजमेण्ट" तालिमका प्रशिक्षार्थीहरुसँग अन्तरक्रिया गर्नुहँदै प्र.अ.म.नि. टेक प्रसाद राई ।

# अन्वेषण योजना तथा विकास निर्देशनालय

प्रहरी सङ्गठन भित्र प्रहरी सेवा र मापदण्ड सुधार गर्ने लक्ष्यका साथ नेपाल प्रहरीमा वि.सं. २०४४ सालमा अन्वेषण तथा योजना शाखाको रुपमा स्थापना भएको थियो। वि.सं. २०५३ सालमा अन्वेषण तथा योजना महाशाखा हुँदै वि.सं. २०६६ सालमा अन्वेषण योजना निर्देशनालय रुपमा स्तरवृद्धि भई वि.सं. २०७५ सालबाट अन्वेषण योजना तथा विकास निर्देशनालयको रूपमा नामाकरण भई प्रहरी नायब महानिरीक्षकको कामाण्डमा कार्य सञ्चालन हुँदै आइरहेको छ ।

यस निर्देशनालयले प्रहरी सङ्गठनका नीति, रणनीति तथा दीर्घकालीन र अल्पकालीन योजनाहरू तर्जुमा गर्ने, कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने, विभिन्न साङ्गठनिक सुधारका क्षेत्रहरूको खोज तथा अन्वेषण गर्ने, नीतिगत तहका निर्णय प्रक्रियाहरूमा प्रहरी महानिरीक्षकलाई राय सल्लाह उपलब्ध गराउने, वैदेशिक सहयोगका कार्यक्रमहरूको लागि प्राथमिकता तय गरी दातृ निकायहरूसँग समन्वय गर्ने तथा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमबाट सङ्गठनको संरचनागत सुधारका कार्यहरु सञ्चालन गर्दछ ।




**नीति तथा कार्यक्रमको कार्यान्वयन प्रक्रिया**

**आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अध्ययन, २०८१**

आर्थिक वर्ष २०८०/०८१ मा नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालयले नेपालमा आत्महत्याका प्रवृति र कारणहरु पहिचान गरी रोकथाम तथा व्यवस्थापनका लागि आवश्यक रणनीतिहरु तय गर्न आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी अध्ययनको नेतृत्व गरेको थियो। अध्ययनका क्रममा प्रश्नावली सर्वेक्षण, अपराध तथ्याङ्कको अध्ययन, गहन अन्तर्वार्ता, लक्षित समूह छलफलहरु जस्ता सङ्ख्यात्मक र गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको थियो। प्राविधिक सहयोग र आवश्यक मार्गदर्शनका लागि सम्बन्धित क्षेत्रका विषय-विज्ञहरुसँग कार्यशाला गोष्ठी समेत सञ्चालन गरिएको थियो ।

**आम नागरिकको धारणा र प्रभाव**

अध्ययनमा सहभागीहरुमध्ये लगभग ३४% ले आफ्नो परिवार वा निकट आफन्तमा आत्महत्याको घटना भएको उल्लेख गरे भने लगभग २०% ले घर परिवारमा आत्महत्या प्रयासका घटनाहरु घटेको जनाए। आत्महत्याका घटनाहरुबाट सबैभन्दा बढी लगभग ८५ प्रतिशतले आर्थिक रुपमा विपन्न र मध्यम वर्ग समूहहरु प्रभावित रहेको बताए । आत्महत्या प्रयास गर्नेहरु प्रति समाजमा नकारात्मक दृष्टिकोणले हेर्ने २८% सहभागीको भनाई रहेको देखियो भने ३४ प्रतिशत सहभागीहरुले मात्र आत्महत्या न्यूनीकरण सम्बन्धी कार्यक्रममा पहुँच पुगेको बताएका छन्।

**आत्महत्याका कारणहरु**

आत्महत्याको मुख्य कारणहरुमा मानसिक तनाव, आर्थिक भार, असफल प्रेम सम्बन्ध, घरेलु हिंसा, पारिवारिक द्वन्द्व जस्ता रहेको पाइएको छ। मानसिक रोग तथा तनाव आत्महत्याको प्रमुख कारण रहेको देखिन्छ जसबाट ६७% आत्महत्याका घटनाहरु घटेको देखिन्छ। त्यस्तै प्रेम सम्बन्धमा समस्या, आर्थिक कठिनाइ, दीर्घ रोग र लागु पदार्थको दुर्व्यसन पनि आत्महत्याका महत्वपूर्ण कारणका रुपमा देखिएको पाइन्छ । अध्ययनबाट आत्महत्याले युवा र बाल मनोविज्ञानमा असर, पारिवारिक विचलन, शिक्षामा असरका साथै आर्थिक दुरावस्था सिर्जना गरेको पाइयो ।

**आत्महत्याबाट प्रभावित समूह**

अध्ययनबाट १८-२५ वर्ष उमेर समूहमा आत्महत्या दर सबैभन्दा उच्च (२१%) रहेको पाइयो भने त्यसपछि बालबालिका (१५%) मा रहेको देखिन्छ । आदिवासी जनजाति समूहहरु सबैभन्दा बढी (३०%) र पेशाका आधारमा कृषि श्रमिकहरुमा आत्महत्या दर सबैभन्दा उच्च (४६%) देखिन्छ ।

**अपराध तथ्याङ्क**

आत्महत्या गर्नेमा पुरुषको संख्या महिलाको भन्दा बढी देखिन्छ। प्रदेशगत हेर्दा कोशी प्रदेशमा आत्महत्याको संख्या सबैभन्दा उच्च देखिन्छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रहेको देखिन्छ ।

**आत्महत्या गर्ने माध्यमहरु**

झुन्डिएर सबैभन्दा सामान्य माध्यम (८३.५%), त्यसपछि विष सेवनबाट (१५%) देखिन्छ।

**भौगोलिक तथा लैङ्गिक प्रवृत्तिहरु**

मधेश र पहाडी क्षेत्रहरुमा महिलाको आत्महत्या दर पुरुषभन्दा उच्च रहेको देखिन्छ भने हिमाली क्षेत्रमा पुरुषको दर उच्च रहेको देखिन्छ।

**सुझावहरु:**

अध्ययनले निम्नानुसार सुझावहरु प्रदान गरेको छ:

- मानसिक स्वास्थ्य सेवाहरुलाई मजबुत तथा पहुँच योग्य बनाउने ।
- आर्थिक र सामाजिक सुरक्षा नीति लागु गर्ने ।
- जोखिममा रहेका व्यक्तिहरुका लागि सार्वजनिक जनचेतना जगाउने र सहयोगी वातावरण सिर्जना गर्ने ।
- सरकारी निकाय, मानसिक स्वास्थ्यकर्मीहरु, समुदायका अगुवा तथा गैर-सरकारी संस्थाहरुलाई संलग्न गर्दै विभिन्न क्षेत्रहरुमा प्रयासहरुको समन्वय गर्ने ।

# नेपाल प्रहरी कार्य योजना २०८०

स्थापना कालदेखि नै योजनाबद्ध विकासको अभ्यास गरेको नेपाल प्रहरीमा समयानुकूल साङ्गठनिक विकास र प्रहरी सेवाको गुणस्तरमा सुधार गर्न आ.व. २०८०/०८१ र २०८१/०८२ का लागि नेपाल प्रहरीको २ वर्षे कार्य योजना निर्माण गरी कार्यान्वयन भइरहेको छ। कार्यान्वयनको पहिलो आर्थिक वर्ष पश्चात् मिति २०८१/०४/१६ गते कार्य योजना संशोधन समेत गरिएको छ ।

नेपाल सरकारको पन्ध्रौं र सोह्रौं योजना, नेपाल सरकारका नीति तथा कार्यक्रमहरु, गृहमन्त्रालयका प्राथमिकता र नेपाल प्रहरीका दीर्घकालीन रणनीतिहरु र साङ्गठनिक प्राथमिकताहरुको आधारमा विकास गरिएको कार्य योजनामा कुल १३ वटा मुख्य लक्ष्य, ४१ वटा उद्देश्य र २०७ वटा क्रियाकलापहरु रहेका छन् । अन्वेषण योजना तथा विकास निर्देशनालयले कार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर अभिमुखीकरण कार्यक्रमहरु, स्थलगत अनुगमन भ्रमण, आवधिक प्रतिवेदन र मूल्याङ्कनका प्रणालीहरु अवलम्बन गरेको छ ।







नेपाल प्रहरी कार्य योजना २०८०

वार्षिक लक्ष्य अनुरूपको प्रगति विवरण समग्रमा कार्य योजनाको पहिलो वर्षको औसत प्रगति ७१.४% रहेको।

## कार्य योजना २०८१ का बेन्चमार्क गतिविधिहरु

१. नेपाल प्रहरीको विकासक्रम र इतिहासलाई अद्यावधिक गर्ने । — ९०%

२. आर्थिक लगायत गैरव्यावसायिक/गैरकानूनी क्रियाकलापमा शून्य सहनशीलताको नीतिलाई कठोरतापूर्वक लागु गर्ने कार्यदिश सहितको प्रहरी निरीक्षणालयलाई स्तरोन्नति गर्ने — ६०%

३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरु विरुद्ध हुने अपराध नियन्त्रण तथा अनुसन्धानलाई विशेष प्राथमिकता दिने । — ८५%

४. नेपाल प्रहरी प्रधान कार्यालयलाई प्रविधि प्रयोग मार्फत Smart & Efficient मोडल कार्यालयको रुपमा विकास गर्ने कार्य बोझको आधारमा जनशक्ति व्यवस्थापन गर्ने — ९०%

५. नेपाल प्रहरीको सम्पूर्ण चल, अचल सम्पत्तिको विवरण सङ्कलन गर्ने तथा कार्यविधि निर्माण गरी संरक्षण गर्ने । — १००%

६. सामाजिक सञ्जालको प्रयोग तथा विद्युतीय अपराध बिचको अन्तर सम्बन्धको अध्ययन गर्ने । — ३०%

७. प्रहरी सेवाको सहज पहुँचमा नभएका, अल्पसंख्यक तथा जोखिममा रहेका वर्गलाई प्रहरीले दिने सेवालाई थप सुदृढ एवम् प्रभावकारी बनाउने । — ८५%

८. जोखिमपूर्ण श्रममा संलग्न र सडक पेटीमा रहेको बालबालिकाको संख्या अद्यावधिक गरी सरोकारवाला निकायसँग समन्वय गर्ने । — ८५%

## वार्षिक लक्ष्य अनुरूपको प्रगति विवरण

नेपाल प्रहरी कार्य योजना अन्तर्गत पहिलो आर्थिक वर्षमा १३८ वटा क्रियाकलापहरु सम्पन्न गर्ने लक्ष्य रहेकोमा दोस्रो आर्थिक वर्षमा सम्पन्न गर्ने लक्ष्य राखिएका अन्य ६ वटा क्रियाकलापहरु समेत सम्पन्न भई लक्षित क्रियाकलापहरुको देहाय बमोजिमको कार्य प्रगति प्राप्त भएको थियो:




वार्षिक लक्ष्य अनुरूपको प्रगति विवरण

- अन्तर प्रदेश प्रहरी परिचालन सम्बन्धी निर्देशिका तर्जुमा।
- नेपाल प्रहरीको जिन्सी किताबखाना Inventory Management System Software सञ्चालन कार्यदिश २०८० स्वीकृत तथा कार्यान्वयन।
- प्रशिक्षण कार्यलाई प्रभावकारी र वस्तुनिष्ठ बनाउन घटना अध्ययन, SBEX र CPEX जस्ता अभ्यासहरु सञ्चालन गर्न आवश्यक निर्देशिका निर्माण तथा कार्यान्वयन।
- समायोजन पश्चात् हुने संक्रमणकालीन व्यवस्थापनको अवधारणा तर्जुमा ।
- Online Recruitment Management System) (ORMS) को निर्माण तथा सञ्चालन ।
- Traffic Communication Application (TCA) सञ्चालन हुने २० वटा चेक पोष्टहरुको लागि उपकरण खरिद र सञ्चालन ।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विरुद्ध हुने अपराध अनुसन्धान तथा लैङ्गिक हिंसा न्यूनीकरण कार्ययोजना, २०८० स्वीकृत तथा कार्यान्वयन ।
- नेपाल प्रहरीको इतिहास सम्बन्धी मस्यौदा लेखन ।
- क्रमागत तर्फका १४ वटा भवनको निर्माण कार्य सम्पन्न ।
- आत्महत्या न्यूनीकरण तथा व्यवस्थापन,२०८१ सम्बन्धी शोध अध्ययन सम्पन्न तथा कार्य योजना निर्माण।

नेपाल प्रहरी कार्य योजना तथा कार्य सम्पादन सम्झौताको प्रमुख उपलब्धिहरु:

## कार्यसम्पादन सम्झौता

नतिजामा आधारित कार्यसम्पादन प्रणालीको अवधारणा अनुरूप नागरिक केन्द्रित प्रभावकारी प्रहरी कार्य सम्पादन गर्ने उद्देश्यले आर्थिक वर्ष २०८०/०८१ का लागि गृह सचिव र प्रहरी महानिरीक्षकबिच; प्रहरी महानिरीक्षक र नेपाल प्रहरी प्रधान कार्यालयका विभागहरु, केन्द्रीय अनुसन्धान ब्यूरो, नेपाल प्रहरी अस्पताल, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, काठमाडौं उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयका प्रमुखहरु बिच एवम् काठमाडौं उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयका प्रमुख र जिल्ला प्रहरी कार्यालय/परिसर प्रमुखहरु बिच कार्यसम्पादन सम्झौता भएको थियो। कार्यसम्पादन सम्झौताहरुले कार्यसम्पादन सूचकहरुको आधारमा जिम्मेवारी र कार्यसम्पादनका मापन योग्य लक्ष्यहरु निर्धारण गरी सम्बन्धित प्रहरी कार्यालयलाई जिम्मेवार र जवाफदेही बनाउँदछन्।



तत्कालीन गृह सचिव एकनारायण अर्याल र प्र.म.नि. बसन्त बहादुर कुँवर बिच भएको कार्य सम्पादन सम्झौता



प्र.म.नि. बसन्त बहादुर कुँवर र प्र.अ.म.नि. टेक प्रसाद राई बिच भएको कार्य सम्पादन सम्झौता

९२.३ %

गृह सचिव तथा प्रहरी महानिरीक्षकबिच भएको कार्य सम्पादन सम्झौताको प्रमुख उपलब्धिहरु

८४ %

प्रहरी महानिरीक्षक तथा नेपाल प्रहरी प्रधान कार्यालयका विभागहरु, केन्द्रीय अनुसन्धान ब्यूरो, नेपाल प्रहरी अस्पताल, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रमुखबिच भएको कार्य सम्पादन सम्झौताको औसत उपलब्धिहरु

९३ %

प्रहरी महानिरीक्षक तथा काठमाडौं उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालयका प्रमुखहरुबिच भएको कार्यसम्पादन सम्झौताको औसत उपलब्धिहरु

## मार्गदर्शन तथा निर्देशन

# अभिभावकत्व





माननीय गृहमन्त्री रमेश लेखक नेपाल प्रहरी प्रधान कार्यालयको निरीक्षण भ्रमण गर्नुहुँदै ।



गृह सचिव गोकर्णमणि दुवाडी नेपाल प्रहरी प्रधान कार्यालय, अडिटोरियम हलमा प्रहरी अधिकृत तथा जवानहरुलाई सम्बोधन गर्नुहुँदै ।



# प्रशासन विभाग

प्रहरी कार्यमा गतिशीलता

# प्रशासन विभाग

प्रशासन विभाग नेपाल प्रहरीको प्रशासनिक, आर्थिक र भौतिक स्रोत साधनको व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, जवाफदेही र प्रविधिमैत्री ढंगले सञ्चालन गर्ने महत्वपूर्ण विभागको रुपमा रहेको छ। यसले प्रभावकारी र कुशलतापूर्वक आर्थिक तथा वित्तीय स्रोतको परिचालन, भौतिक पूर्वाधारहरुको व्यवस्थापन र प्रशासनिक प्रक्रियाहरुको परिमार्जन, सञ्चालन र व्यवस्थापन गर्ने काम गर्दछ ।

प्रशासन विभागको मुख्य उद्देश्य सङ्गठनको नीतिगत, आर्थिक र व्यवस्थापकीय पक्षलाई सुव्यवस्थित गर्नु रहेको छ भने विभागको प्रमुख कार्य अन्तर्गत वित्तीय प्रशासनको समानुपातिक वितरण, पारदर्शी संचालन, अनुगमन तथा मूल्याङ्कन  पर्दछ। नेपाल प्रहरीमा आवश्यक  वार्षिक बजेट निर्माण, आवश्यक सामग्रीको खरिद, वितरण, लेखा परीक्षण, आर्थिक प्रशासनिक मापदण्ड निर्धारण, अनुगमन, नियमन तथा व्यवस्थापन गुणस्तरीय, प्रभावकारी र जवाफदेही ढंगबाट गराउने जिम्मेवारी समेत प्रशासन विभागबाट निर्वाह हुँदै आएको छ।

नेपाल सरकारका नीति, कार्यक्रम तथा निर्देशनहरुको कार्यान्वयन, विभागीय नीति निर्देशनहरुको तर्जुमा एवम् परिपालना, आम नागरिकसम्म सहज र सुलभ प्रहरी सेवा प्रवाहको माध्यमबाट जनमुखी, गुणस्तरीय र प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता दिलाउने महत्वपूर्ण भूमिका प्रशासन विभागले वहन गर्दै आइरहेको छ।

प्रशासन विभागको अर्को महत्वपूर्ण कार्य प्रहरी कल्याण कोषको सञ्चालन हो । नेपाल प्रहरीमा आबद्ध बहालवाला, सेवानिवृत्त तथा अशक्त प्रहरी कर्मचारी एवम् तिनका आश्रित परिवार, अमर प्रहरी परिवारका सदस्यहरुको स्वास्थ्य, शिक्षा, खेलकुद, सहुलियत कर्जा, आर्थिक अनुदान लगायतका विविध कल्याणकारी कार्यक्रमहरुको सञ्चालन यस अन्तर्गत पर्दछ।

आर्थिक प्रशासनिक गतिविधिमा अनुशासन कायम गरी बेरुजू फछ्र्यौटतर्फ विगत केही वर्षदेखि अग्रपंक्तिमा रहेर नेपाल प्रहरी सङ्गठनलाई अब्बल साबित गराउन दत्तचित्त नेपाल प्रहरीको प्रशासन विभाग भविष्यमा समेत वित्तीय र भौतिक स्रोत साधनहरुको समुचित व्यवस्थापनलाई प्राथमिकतामा राखी निर्दिष्ट जम्मेवारी वहन गर्न प्रतिबद्ध रहेको छ ।

समग्रमा, प्रशासन विभागले नेपाल सरकार तथा नेपाल प्रहरी सङ्गठनले अख्तियार गरेका नीतिहरु पारदर्शिता र जवाफदेहीताका साथ वहन गरी नेपाल प्रहरीको कार्यक्षमता अभिवृद्धिलाई प्राथमिकतामा राख्दै अघि बढ्न महत्वपूर्ण भूमिका खेल्दछ ।






प्रहरी अतिरिक्त महानिरीक्षक टेक प्रसाद राई, प्रमुख - प्रशासन विभाग ।

विस्तारित सेवाहरु

# प्रहरी कल्याणकारी गतिविधिहरू

नेपाल प्रहरी सङ्गठन आफ्नो मातहतमा रहेका बहालवाला र अवकाश प्राप्त प्रहरी कर्मचारी एवम् तिनमा आश्रित परिवारजनको हित एवम् कल्याणका लागि प्रतिबद्ध रहेको छ। यो प्रतिबद्धता नेपाल प्रहरी कल्याण कोष अन्तर्गत सञ्चालनमा रहेका विशेष कल्याणकारी कार्यक्रमहरु मार्फत साकार गर्दै राष्ट्रसेवामा समर्पित प्रहरी कर्मचारी र तिनका परिवारजनको जीवनस्तर सुधारमा सहयोग र सुविधा प्रदान गर्ने लक्ष्यसँग सम्बन्धित रहेको छ।

**प्रहरी पोशाक एकरूपता नीति**
प्रहरी कर्मचारीहरुको पोशाकलाई समयानुकूल परिमार्जन र परिष्कृत गर्नका लागि धेरै पहलकदमी लिइएका छन्।

**विशिष्ट व्यक्तिको सुरक्षार्थ खटिने प्रहरी कर्मचारीहरूको पोशाकमा एकरूपता:**
विशिष्ट व्यक्तिको सुरक्षामा खटिएका प्रहरी कर्मचारीहरुका लागि मापदण्ड निर्धारण गरी केन्द्रीय स्तरबाट पोशाकको वितरण सुरु गरिएको छ।

**मातृत्व पोशाक**
नेपाल प्रहरी सङ्गठनमा कार्यरत गर्भवती महिला प्रहरी कर्मचारीहरूलाई इयुटीका समयमा प्रयोग गर्दा समेत सहजताको सुनिश्चित हुने पोशाकको सुरुवात गरी देशभरका प्रहरी कार्यालयहरुमा वितरण गरिएको छ।




आ. व. २०८०/८१ मा विशेष सहुलियत कार्यक्रम अन्तर्गतका लाभग्राही संख्या




आ. व. २०८०/८१ मा प्रहरी कल्याणकारी कार्यक्रम अन्तर्गतका लाभग्राही संख्या




आ. व. २०८०/८१ मा प्रहरी कल्याणकारी कार्यक्रम अन्तर्गत वितरण गरिएको अनुदान रकम ।

*सम्पूर्ण रकम नेपाली रुपैयाँमा रहेका छन् ।*

**कल्याणकारी सेवा सुविधाहरूको विस्तार**

**पेट्रोल पम्पहरू र चार्जिङ स्टेसनहरू:**
आम नागरिक तथा प्रहरी कर्मचारीहरूलाई पेट्रोलियम पदार्थको सहज आपूर्तिको निमित्त बाँके र धनगढीमा नयाँ पेट्रोल पम्पहरू स्थापना गरिएका छन् । साथै, पोखरा र नवलपरासी (पूर्व) मा थप स्टेसनहरू विकास भइरहेका छन् । यसबाहेक, नेपाल प्रहरी हेल्थ क्लब र केही पेट्रोल पम्पहरू सहित विभिन्न स्थानहरूमा वातावरणमैत्री विद्युतीय चार्जिङ स्टेसनहरू समेत सञ्चालनमा ल्याइएको छ ।

**स्वास्थ्य सेवा विस्तार:**
बहालवाला प्रहरी कर्मचारी र तिनका परिवार सरह नै अवकाश प्राप्त प्रहरी कर्मचारी र अवकाश प्राप्त प्रहरी कर्मचारीका परिवारलाई नेपाल प्रहरी अस्पताल तथा प्रदेश प्रहरी अस्पतालहरूबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाईएको छ।

**पूर्वाधार विकास:**
नेपाल प्रहरीको कार्य सञ्चालन क्षमता र दक्षता बढाउन प्रचलित कानून अनुरुप जग्गा व्यवस्थापन, हाल विद्यमान रहेका संरचनाहरूको सर्वेक्षण र नयाँ पूर्वाधार विकास गर्ने निरन्तर प्रयासहरू भइरहेको छ।

**सम्मान तथा मूल्याङ्कन**

- सेवाकालीन पुरस्कारहरू
- वृद्ध प्रहरी पेन्सन (७० वर्षभन्दा माथि)
- अमर प्रहरीको छोरीलाई विवाह खर्च अनुदान
- क्रिया खर्च अनुदानहरू

**सहायता र सशक्तीकरण**

- राहत कोष, सिपोन्मुख तालिम
- ऋण प्रवाह कार्यक्रमहरू
- वस्तु खरिदको लागि किस्ता योजनाहरू
- आवास र गेस्ट हाउस सुविधाहरू
- प्रदेश र जिल्ला स्तरमा कल्याण कोष
- अपाङ्गता भएका कर्मचारीहरूलाई मेसिनरी सहायता
- भाषा र संयुक्त राष्ट्र Pre-AMS सिप तालिमहरू

**शिक्षा**

- छात्रवृत्ति
- शिक्षा शुल्क मिनाहा
- उच्च शिक्षा, सेवामा रहेका, अवकाश प्राप्त, अपाङ्ग र अमर प्रहरीका सन्ततिहरूलाई छात्रवृत्ति

**स्वास्थ्य**

स्वास्थ्य क्लब सुविधाहरू
- आर्थिक सहायताहरू
- सेवामा रहेका कर्मचारीहरूलाई २ वर्षसम्म बिना ब्याजको औषधोपचार सहुलियत
- घातक/प्राणघातक रोगको उपचार
- नेपाल प्रहरी अस्पतालमा रहेका सेवाहरूमा अवकाश प्राप्त, अपाङ्ग र अमर प्रहरीका परिवारहरूको उपचारको लागि अनुदान

नेपाल प्रहरी कल्याण कोष योजना



कल्याणकारी कार्यक्रम अन्तर्गत, नेपाल प्रहरीले सशस्त्र मुठभेड, आतंकवाद विरोधी अपरेसन, सवारी दुर्घटना वा अन्य घटनामा घाइते भई अपाङ्ग भएका सेवारत् र अवकाशप्राप्त प्रहरी कर्मचारीहरूलाई पहुँचयोग्य स्कुटर वितरण गरिएको छ। यो पहलले ड्युटीमा रहेर घाइते भएका प्रहरी कर्मचारीहरूको चलायमानता र आत्मनिर्भरता वृद्धि गर्ने उद्देश्य राखेको छ ।




आपतकालीन समयमा समेत इन्धनको सहज आपूर्तिका लागि नेपाल प्रहरी कल्याण कोषद्वारा लुम्बिनी प्रदेशमा सञ्चालित प्रहरी पेट्रोल पम्प।




*समुदाय सुरक्षाको लागि पूर्वाधारको सुदृढीकरण*










# मानवस्रोत विकास विभाग

मानव संसाधन व्यवस्थापन

# मानवस्रोत विकास विभाग

नेपाल प्रहरी सङ्गठनको आधारस्तम्भको रुपमा रहेको मानवस्रोतको छनौट, नियुक्ति, वृत्ति विकासदेखि सेवानिवृत्ति सम्मको नीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयन र निर्देशन एवम् नियन्त्रण लगायतका मानवस्रोत व्यवस्थापनसँग सम्बन्धित कार्यहरु नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभागले सम्पादन गर्दै आइरहेको छ ।

वि.सं. २०४२ साल भाद्र १५ गते प्रशासन विभागको स्थापना भई सोही विभागबाट मानवस्रोत व्यवस्थापनको समेत जिम्मेवारी पूरा गर्दै आइरहेकोमा तत्कालीन मन्त्रिपरिषद्को मिति २०६१ वैशाख १७ गतेको निर्णय अनुसार नेपाल प्रहरीमा मानव संशाधनको क्षेत्रमा कार्य गर्नेगरी विशिष्टीकृत विभागको रुपमा मानवस्रोत विकास विभागको स्थापना भएको थियो । नेपाल प्रहरीको पुर्नसंरचना (मिति २०७५/०२/२७ गतेको नेपाल सरकार मन्त्रिपरिषद् को निर्णयानुसार) अनुसार साविक प्रशासन विभाग समेत मानवस्रोत विकास विभाग अन्तर्गत समावेश गरी मानवस्रोत एवम् प्रशासन विभागको रुपमा कार्यसम्पादन गर्दै आएकोमा पुन: नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।११।०५ गतेको निर्णय अनुसार प्रशासन विभाग र मानवस्रोत विकास विभाग छुट्टै विभागको रुपमा स्थापना भई छुट्टाछुट्टै रुपमा जिम्मेवारी वहन गर्दै आइरहेका छन् ।

यसका अतिरिक्त यस विभागले लोक सेवा आयोग र गृह मन्त्रालयसँग समेत आवश्यक समन्वय र सहकार्य गरी भर्ना छनौट प्रकृया सञ्चालन गर्दछ। यसैगरी, नव प्रवेशी प्रहरी कर्मचारीलाई आधारभूत तालिम प्रदान गर्नुको साथै वृत्ति विकास र क्षमता अभिवृद्धि गरी कार्यक्षेत्रमा पदस्थापन गर्दछ । नेपाल प्रहरीमा कार्यरत जनशक्तिहरुलाई तालिमहरुको आवश्यकता पहिचान (TNA) गरी सेवाकालीन तालिमहरुको पाठ्यक्रम निर्माण तथा आवश्यकता अनुसार परिमार्जन गरी उन्नत र सिपमूलक तालिमहरु प्रदान गर्ने एवम् पेशागत दक्षता अभिवृद्धिमा सरुवा, बढुवा लगायतका आन्तरिक कार्य पारदर्शी एवम् सर्वस्वीकार्य बनाउन मापदण्ड निर्धारण लगायतका अन्य विशेष वृत्ति विकासका कार्यक्रमहरुमा समेत जोड दिँदै आएको छ ।

नेपाल प्रहरीलाई आवश्यक जनशक्ति छनौट तथा नियुक्ति, समयानुकूल नवीनतम प्रवृत्ति, प्रविधि र असल अभ्यासहरुसहितको प्रशिक्षण गतिविधि समेटिएको पाठ्यक्रम निर्धारण, सम्पूर्ण प्रहरी कर्मचारीहरुको सरुवा, बढुवा, पदस्थापन, आन्तरिक तथा बाह्य प्रशिक्षणमा समान सहभागिताको अवसर लगायतका वृत्ति विकास, क्षमता एवम् दक्षता विकास, व्यावसायिक उन्नयनमा जोड दिँदै समग्र नेपाल प्रहरीको संस्थागत विकास र सुदृढीकरणमा मानवस्रोत विकास विभागले महत्वपूर्ण भूमिका खेल्दछ।






प्रहरी अतिरिक्त महानिरीक्षक भिम प्रसाद ढकाल, प्रमुख - मानवस्रोत विकास विभाग ।








जनसंख्या: २,९१,६४,५७८
कार्यरत प्रहरी संख्या: ७५,६८६
प्रहरी - नागरिक अनुपात: १:३८५

कार्यरत संख्याको लैङ्गिक अनुपात




पछिल्लो पाँच वर्षको नेपाल प्रहरीमा महिला तथा पुरुषको भर्ना तथ्याङ्क ।



# कार्य विभाग



## सार्वजनिक सुरक्षा, शान्ति र सुव्यवस्था

# कार्य विभाग

कार्य विभाग नेपाल प्रहरीको प्रभावकारी परिचालन, अनुगमन तथा समायानुकूल निर्देशन र परिचालित काम कारबाहीको मूल्याङ्कनका माध्यमबाट कानूनको सफल कार्यान्वयन र नागरिक सुरक्षाको मूलभूत जिम्मेवारी निर्वाह गर्ने गराउने प्रमुख विभागको रुपमा रहेको छ। प्रचलित कानून प्रदत्त क्षेत्राधिकारभित्र रहेर समाजमा शान्ति सुरक्षा, अमनचयन कायम गरी आमनागरिकका आफ्ना संवैधानिक तथा कानूनी अधिकारहरुको पूर्णरुपमा उपभोग गर्न पाउने वातावरणको सिर्जना गर्नु यस विभागको प्रमुख उद्देश्य रहेको छ।

आपराधिक गतिविधि नियन्त्रण, आमजनतामा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशिष्ट व्यक्तिहरुको सुरक्षा, विपद् व्यवस्थापन, भिड नियन्त्रण, ट्राफिक व्यवस्थापन, मातहतका कार्यालयहरुलाई प्रहरी परिचालन सम्बन्धी आवश्यक निर्देशन, नियन्त्रण, सुपरिवेक्षण, अनुगमन तथा सम्भावित खतरा एवम् चुनौतीहरुका सम्बन्धमा सूचना संकलन, प्रभावकारी मूल्याङ्कन मार्फत सुरक्षा विश्लेषण गरी भरपर्दो तवरको प्रहरी परिचालन गर्नु कार्य विभागको प्रमुख कार्य अन्तर्गत रहेको छ। यसको साथै, देशभर घट्ने दैनिक घटनाहरुको निरन्तर निगरानी, आतंककारी क्रियाकलाप तथा राष्ट्रिय सुरक्षामा खलल पार्ने अन्य गतिविधि नियन्त्रणका लागि उच्च सतर्कताकासाथ कार्य गर्दछ।

कार्य विभागले समयसमयमा आईपर्ने प्राकृतिक विपद्, आपतकालिन अवस्था तथा सुरक्षा व्यवस्थामाथिको खतरा निस्तेजका साथै राजमार्ग सुरक्षा व्यवस्थापन, सार्वजनिक सुरक्षा र अपराध रोकथाम र राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रहरुमा सुरक्षा प्रदान गर्नका लागि आवश्यक रणनीति निर्माण, सुरक्षा योजना तयार गरी प्रभावकारी प्रहरी परिचालनमार्फत मुलुकमा शान्ति सुव्यवस्था र नागरिकको जिउधनको सुरक्षामा प्रमुख भूमिका खेल्दछ।

समग्रमा, कार्य विभाग समाजमा कानूनी राज्यको अवधारणालाई आत्मसाथ गर्दै आम नागरिकमा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन कानून कार्यान्वयन गर्ने नेपाल प्रहरीको महत्वपूर्ण विभागको रुपमा रहेको छ।



प्रहरी अतिरिक्त महानिरीक्षक राम दत्त जोशी, प्रमुख - कार्य विभाग ।

# आ.व. २०८०/०८१ मा नेपाल प्रहरीद्वारा राजस्व दाखिलामा योगदान




कुल राजस्व
८,००,६४,८८,५९९




आ.व. २०८०/०८१ मा नेपाल प्रहरीद्वारा बरामद गरिएका हातहतियार तथा खरखजाना ।



अवैध निकासी पैठारी नियन्त्रण र कारबाही ।



राजस्व चुहावट नियन्त्रणमा प्रहरी सक्रियता ।



समन्वयात्मक सीमा क्षेत्र निगरानी ।



प्रतिकूल परिस्थितिमा पनि जिम्मेवारी निर्वाहमा कटिबद्धता ।

# सडक दुर्घटना
# तथ्याङ्क




आ. व. २०८०/०८१ मा मृत्यु तथा घाइते हुनेहरुको प्रदेशगत विवरण




दुर्घटनामा संलग्न सवारीसाधनका प्रकारहरु




दुर्घटनाका प्रमुख कारणहरु

## जोखिम र दुर्घटनाबाट जिउधनको रक्षा

# विपद् व्यवस्थापन

नेपाल बाढी, पहिरो, डुबान, भूकम्प, आगलागी, हिमपहिरो, महामारी एवम् जलवायु परिवर्तन जस्ता विविध प्रकृतिका घटनाहरुका कारण संवेदनशील र जोखिमपूर्ण अवस्थामा रहेको छ। हरेक वर्ष हुने यस्ता विपदजन्य घटनाबाट ठुलो जनधनको क्षतिलाई नकार्न सकिने अवस्था छैन। गत आर्थिक वर्ष २०८०/०८१ को तथ्यांकलाई हेर्ने हो भने देशभर कुल ८,९७६ विपदका घटनाहरु घटित भएका थिए, जसबाट ५८३ जनाको ज्यान जानुको साथै १,८३२ जना घाइते भएका थिए । विपदजन्य उक्त घटनामा कुल ६२,०४१ जना प्रहरी कर्मचारीहरु उद्धार, राहत तथा पुनर्स्थापना कार्यका लागि परिचालित गरिएको थियो। त्यसैगरी, यस वर्षको जेठ २८ गतेदेखि असोज महिनाको १८ गतेसम्मको तथ्यांक हेर्ने हो भने यस अवधिमा भएका कुल ३८४२ वटा विपदका घटनामा हालसम्म ५८६ जनाले ज्यान गुमाएका छन। ७३ जना हालसम्म वेपत्ता रहेको उक्त घटनाहरुमा कुल २०,६९३ जना प्रहरी परिचालित भई ३,९५८ जनाको सकुशल उद्धार गरिएको छ ।

प्रहरी ऐन, २०१२ अनुसार जुनसुकै विपद्का घटनाबाट हुने क्षति, जोखिम, दुर्घटना वा खतराबाट आम नागरिकलाई बचाउन हर सम्भव प्रयास गर्नु सम्पूर्ण प्रहरी कर्मचारीको कर्तव्य हुनेछ भनि उल्लेख गरिएको छ, जसअनुसार जस्तोसुकै विषम परिस्थिति, विपद् तथा दुर्घटनाबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरणका लागि नेपाल प्रहरी कटिबद्ध रहेको छ । हरेक वर्ष हुने मनसुनजन्य बाढी, पहिरो, डुबान जस्ता विपद्का घटनामा पूर्व तयारी, उद्धार, राहत, पुनर्निर्माण र पुनर्स्थापनाका लागि नेपाल प्रहरीले मनसुन पूर्व तयारी तथा प्रतिकार्य कार्य योजना, २०८१ समेत तय गरी कार्यान्वयनमा समेत ल्याएको छ।






*विपद् उद्धारमा प्रहरी सक्रियता ।*









*विषम परिस्थितिको सामनामा दृढसङ्कल्पित नेपाल प्रहरी ।*



दूरदराजमा समेत प्रहरीको उपस्थिति ।

# अपराध अनुसन्धान विभाग

## फौजदारी न्याय प्रणालीलाई सुदृढ बनाउँदै

# अपराध अनुसन्धान विभाग

नेपाल प्रहरीले आफ्नो स्थापना कालदेखि नै नेपालको संविधान र प्रचलित कानूनद्वारा निर्दिष्ट जिम्मेवारी बमोजिमका कार्यहरु सम्पादन गर्दै आएको छ । प्रहरी ऐन, २०१२ अनुसार अपराध रोक्ने र पत्ता लगाउने सुयोग्य साधनको रुपमा शान्ति र व्यवस्था कायम गर्नु नै प्रहरीको प्रमुख दायित्व हो। नेपाल प्रहरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा रहेका कसूरहरुको अनुसन्धान गर्ने एकल जिम्मेवारी प्राप्त निकाय पनि हो । विश्वभर अपराध अनुसन्धानलाई फौजदारी न्याय प्रणालीको पहिलो स्तम्भ मानिन्छ। यस्तो महत्वपूर्ण जिम्मेवारीलाई प्रभावकारी र सक्षमतापूर्वक निर्वाह गर्न नेपाल प्रहरीले वि.सं. २०२१ सालमा अपराध अनुसन्धान विभागको स्थापना गरेको हो, यो विभाग अपराध अनुसन्धानको क्षेत्रमा नीति तथा योजना निर्माण, कार्यान्वयन र अनुगमन गर्ने केन्द्रीय अंग हो ।

विज्ञान तथा प्रविधिको विकास सँगसँगै अपराधको आयाम, प्रवृत्ति र प्रकृतिहरु पनि परिवर्तन हुँदै गएका छन् । सङ्गठित, बहुदेशीय, वित्तीय, साइबर तथा प्रविधियुक्त हुँदै अपराधहरु पनि बहुआयामिक बन्दै गएका छन् । पूर्ण न्याय निरुपण  भनेको कसूरको पहिचान, अनुसन्धान, अभियोजन, न्याय निरुपण (फैसला) र फैसलाको कार्यान्वयनको समग्र रुप हो । फौजदारी न्याय प्रणालीको पहिलो द्वार अनुसन्धानबाट नै न्याय निरुपणको यात्रा तय हुन्छ । पछिल्ला दशकहरुमा प्रविधियुक्त एवम् आर्थिक अपराधको संख्या बढ्दै गएको पाइन्छ। विश्व आर्थिक प्रणालीले पनि लागु पदार्थको तस्करी, मानव बेचबिखन, बहुमूल्य धातु र पत्थरको तस्करी, बैंकिङ जालसाजी, अभौतिक सम्पत्ति  तथा मुद्रा (क्रिप्टोकरेन्सी), शेयर बजार सम्बन्धी कसूर लगायतका सम्पत्ति शुद्धीकरण सम्बन्धी सम्बद्ध कसूरहरु, आतङ्कारी कार्य वा आमविनासका हातहतियार निर्माण वा विस्तारमा वित्तीय लगानी सम्बन्धी समस्या एवम् मुद्दाहरुको सामना  गरिरहेको छ ।

यिनै अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय तथ्यहरुलाई मध्यनजर गर्दै अपराध रोकथाम, नियन्त्रण एवम् अनुसन्धानको प्रभावकारिता अभिवृद्धि गर्न नेपाल प्रहरीले वि.सं. २०७२ साल देखि अपराध नियन्त्रण कार्ययोजना शुरु गरेको र यो कार्ययोजना आ.व.२०८१/०८२ देखि चौथो चरणमा प्रवेश गरेको छ। अपराध अनुसन्धान विभागको रणनीति, कार्ययोजना तथा प्रयासहरुलाई सामान्यतया प्रवर्धनात्मक, निरोधात्मक  र दण्डात्मक उपाय एवम् विधि अवलम्बन गरी कार्यान्वयन गर्दै आएको छ ।

प्रवर्धनात्मक उपाय अन्तर्गत संघीयतामा प्रहरी अनुसन्धान एकाइहरुको स्थापना तथा व्यवस्थापन, आधुनिक वैज्ञानिक प्रयोगशालाको विकास, तालिम, सूचना तथा अनुभव आदान प्रदान लगायतका माध्यमबाट प्रहरी अनुसन्धान क्षमता अभिवृद्धि, इन्टरपोल लगायतका माध्यमबाट अन्तर्राष्ट्रिय-क्षेत्रीय-राष्ट्रिय समन्वय र सहयोग अभिवृद्धि, संयुक्त राष्ट्र संघीय व्यवस्था मार्फत विश्व शान्ति र विकासका लागि पुर्याउँदै आएको छ । साथै निरोधात्मक उपाय अन्तर्गत समुदाय-प्रहरी साझेदारी कार्यक्रमहरु, सचेतना अभिवृद्धि, धार्मिक, सांस्कृतिक लगायत सबै खाले विविधताको सम्मान तथा सद्भाव अभिवृद्धि गर्दै अपराध रोकथाम नियन्त्रण सम्बन्धी कार्य गर्दै आएको छ। त्यसैगरी दण्डात्मक उपाय बमोजिम कानून कार्यान्वयनका माध्यमबाट समाजमा शान्ति सुरक्षा कायम गर्ने, अपराधको पहिचान तथा प्रभावकारी अनुसन्धान गर्ने एवम् अदालतको फैसलालाई दृढतापूर्वक कार्यान्वयन गरिदै आएको छ। अपराध अनुसन्धान विभागले अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्नुका साथै राष्ट्रिय अपराध सूचना केन्द्रको व्यवस्थापन कार्य समेत गर्दै आएको छ। यसरी अपराध अनुसन्धान विभागले समग्र फौजदारी न्याय प्रणालीको महत्वपूर्ण अङ्गको रुपमा शान्ति सुरक्षा, अपराध रोकथाम, नियन्त्रण एवम् अनुसन्धान, मानव अधिकारको सम्मान, रक्षा तथा प्रवर्धनका क्षेत्रमा कार्य गरिरहेको छ।





प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ, प्रमुख - अपराध अनुसन्धान विभाग ।

# अपराध नियन्त्रण कार्ययोजना

सुरक्षित तथा समुन्नत समाजका लागि सबल, सक्षम एवम् प्रभावकारी अपराध अनुसन्धानको परिकल्पना गर्दै अपराध अनुसन्धानलाई व्यवस्थित र प्रभावकारी बनाउन वि.सं. २०७१ सालमा नेपाल सरकार, गृह मन्त्रालयको स्वीकृति प्राप्त भएसँगै अपराध नियन्त्रण कार्य योजनाको शुरुवात गरिएको हो । आपराधिक सूचना प्रणालीको व्यवस्थापन, अपराध जोखिम न्यूनीकरण र वैज्ञानिक र प्रमाणमा आधारित प्रभावकारी अपराध अनुसन्धानलाई यसको प्रमुख लक्ष्यको रुपमा लिईएको छ ।




देशव्यापी संस्थागत संरचना, विशिष्टिकृत अनुसन्धान व्यूरो, डिजिटल तथा साइबर फरेन्सिक, पोलिग्राफ, डाटा सेन्टर, राष्ट्रिय अपराध सूचना केन्द्रको स्थापना र क्षमता अभिवृद्धि लगायतका कार्यहरु अपराध नियन्त्रण कार्ययोजना-I, II, III का उपलब्धिहरु हुन् । देशभरमा हाल ४ विशिष्टिकृत व्यूरो, ३ जिल्ला प्रहरी परिसर, ७४ जिल्ला प्रहरी कार्यालय, १८ प्रहरी वृत, ८ वडा प्रहरी कार्यालय र ११५ वटा इलाका प्रहरी कार्यालय गरी जम्मा २२२ प्रहरी अनुसन्धान एकाइहरु रहेका छन् ।

अपराध नियन्त्रण कार्ययोजना-I, (२०७२-०७३/२०७४-०७५), कार्ययोजना-II, (२०७५-०७६/२०७७-०७८) कार्ययोजना-III, (२०७८-०७९/२०८०-०८१) सफलतापूर्वक सम्पन्न भई सकेका छन् । यस अधिका कार्य योजनामा परिकल्पना गरिएका लक्ष्यहरुप्रति थप सुदृढ प्रतिबद्धताका साथ कार्ययोजना-IV, (२०८१-०८२/२०८३-०८४) शुरु भएको छ। यस अधिका कार्य योजनाहरुबाट र रणनीतिहरु। विगतका अनुभव, उत्कृष्ट अभ्यास एवम् प्राप्त उपलब्धिहरुलाई संरक्षण, संस्थागत तथा उपयोग गर्दै अपराध अनुसन्धानका क्षेत्रमा देखिएका नयाँ जोखिम र चुनौतीहरु पत्ता लगाई तिनीहरुको सामना गर्न थप व्यापक योजना तथा रणनीतिहरु समेटेर अपराध नियन्त्रण कार्ययोजना-IV कार्यान्वयनमा ल्याईएको छ ।

कार्ययोजना-IV, (२०८१-०८२/२०८३-०८४) मा १२ कार्यनितिगत क्षेत्रहरु तथा ११० क्रियाकलापहरु समेटिएका छन् । जसमा कार्ययोजनाको पहिलो वर्ष १८ वटा, दोस्रो वर्ष २१ वटा र तेस्रो वर्ष ५२ वटा क्रियाकलाप सञ्चालन गरी कार्यान्वयन गरिनेछन् भने १९ वटा क्रियाकलापहरु निरन्तर रुपमा कार्यान्वयन गरिनेछन् ।

अपराध रोकथाम र अनुसन्धानका चुनौती सम्बन्धी सूचना (Intelligence) संकलन र विश्लेषण गर्ने पद्धतिको विकास गर्ने ।

अपराध अनुसन्धानको क्षेत्रमा सेवा विशिष्टीकरणलाई संस्थागत रुपमा विकास गर्ने ।

अपराध रोकथाम र अनुसन्धानमा सूचना प्रविधि एवम् वैज्ञानिक संसाधनको आधिकारिक प्रयोग गर्ने ।



राज्यको संघीय संरचना र व्यवस्था बमोजिम अपराध अनुसन्धान एकाइहरुको स्थापना एवम् व्यवस्थापन गर्ने ।

सङ्गठित तथा बहुदेशीय अपराध नियन्त्रणको लागि अन्तर्राष्ट्रिय,क्षेत्रीय एवम् राष्ट्रिय स्तरमा समन्वय र सहयोग अभिवृद्धि गर्ने ।

जन सहभागितामूलक अपराध नियन्त्रण र आधुनिक वैज्ञानिक अनुसन्धान पद्धति विकास गर्ने ।

अपराध रोकथाम र अनुसन्धानको लागि राष्ट्रिय अपराध सूचना केन्द्र अभिलेख (National Crime Information Center) को विकास एवम् व्यवस्थापन गर्ने ।

# अपराध तथ्याङ्क




आ.व. २०८०/०८१ मुद्दा दर्ता एवम् फछ्र्यौट संख्या




विगत १० आ.व.को मुद्दा दर्ता संख्याको तुलनात्मक तथ्याङ्क




आ.व. २०८०/०८१ मा सबैभन्दा बढी दर्ता भएका शीर्ष १० कसूरहरु




आ.व. २०८०/०८१ मा पक्राउ र फरार रहेका अभियुक्तहरुको संख्या




*पोलिग्राफ परीक्षकद्वारा परीक्षण गरिँदै।*




*रेड नोटिस जारी अभियुक्त NCB काठमाडौंद्वारा नियन्त्रणमा ।*



# नेपाल प्रहरी अस्पताल



## स्वास्थ्य सेवा र सुविधा प्रदान एवम् विस्तार गर्दै

# नेपाल प्रहरी अस्पताल

नेपाल प्रहरी अस्पताल नेपाल प्रहरीको स्वास्थ्य सेवा संरचनाको एक महत्वपूर्ण अंग हो । यसको स्थापना भन्दा पहिले प्रहरी कर्मचारीहरुले सीमित चिकित्सा सुविधाहरुमा निर्भर रहनु परेको थियो । वि.सं.२०१२ सालमा प्रहरी ऐनको कार्यान्वयनपछि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र अन्य प्रशिक्षण केन्द्रहरुमा समेत चिकित्सा निरीक्षण (MI Room) कोठाहरुको स्थापना गरिएको थियो, जसले केवल आधारभूत प्राथमिक उपचार उपलब्ध गराउँदथ्यो यद्यपि, यी सेवाहरु पर्याप्त भने थिएनन् । वि.सं. २०२७ सालमा प्रहरी प्रधान कार्यालयमा एक फरेन्सिक प्रयोगशाला स्थापना गरियो जहाँ सानो चिकित्सा टोलीले सामान्य स्वास्थ्य सेवा प्रदान गर्न थाल्यो । गम्भीर चिकित्सा आवश्यकता परेका प्रहरी कर्मचारीहरुलाई त्रिभुवन चन्द्र मिलिटरी अस्पतालमा उपचार गरिन्थ्यो ।

नेपाल प्रहरीको संरचना र कार्यप्रकृतिको जटिलतासँगै प्रहरी कर्मचारी र उनीहरुको परिवारका स्वास्थ्य सम्बन्धी आवश्यकताहरुको समाधानका खातिर एक समर्पित र विशिष्टीकृत अस्पतालको आवश्यकता महसुस भएको थियो। सोहिअनुरुप वि.सं.२०३९ मा सुविधा सम्पन्न अस्पतालको आवश्यकता बमोजिम पूर्व प्रहरी महानिरीक्षक डी. बी. लामाको नेतृत्वमा कार्यदल गठन गरी वि.सं.२०४० मा काठमाडौंमा तत्कालीन विरेन्द्र प्रहरी अस्पतालको निर्माण भएको थियो । तत्कालीन समयमा यो अस्पताल राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको परिसरमा स्थापना गरी तत्कालीन राजा विरेन्द्र विर विक्रम शाहबाट उद्घाटन गरिएको थियो । पछि वि.सं. २०४७ मा हाल रहेको स्थानमा प्रचण्ड भवनमा अस्पताललाई स्थानान्तरण गरियो। यसलाई नै नेपाल प्रहरी अस्पताल स्थापना तथा विकासको कासेढुङ्गाको रुपमा लिइएको छ।

शुरुवातमा २५ शैय्याको क्षमता भएको अस्पताल हाल ४७४ जनशक्ति सहितको ३०० शैय्याको क्षमतासहित नेपाल प्रहरीको महत्वपूर्ण स्वास्थ्य सेवा प्रदायक सुविधा सम्पन्न अस्पतालको रुपमा विकसित भएको छ । यो ४ दशकमा आफ्नो विकासलाई विस्तार गर्दै प्रहरी कर्मचारी र तिनका परिवारजनलाई मात्र सेवा प्रवाह हुँदै आएकोमा मिति २०७४/७/२६ गतेको नेपाल सरकारको निर्णय बमोजिम आम सर्वसाधारण जनतालाई समेत स्वास्थ्य सेवा प्रदान गर्दै आईरहेको छ।

नेपाल प्रहरी अस्पतालले आफ्नो सेवाको गुणस्तरलाई क्रमशः प्रादेशिक तहसम्म विकास र विस्तार गर्दै हाल कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा स्थापना भई सेवा प्रवाह गरिरहेको छ भने कर्णाली प्रदेशमा समेत स्थापनाको प्रकृयामा रहेको छ। विपद, महामारी, दुर्घटना लगायत घातक तथा प्राणघातक रोगहरुको उपचारमा आधुनिक प्रविधि, पद्धती र साधनहरुको विस्तार गरी बहालवाला तथा अवकाश प्राप्त प्रहरी कर्मचारी र तिनका परिवारको साथै आमनागरिकमा समेत उत्कृष्ट ढङ्को सहज र सुलभ स्वास्थ्य सेवा प्रवाह गरी देशभरकै नमुना अस्पतालको रुपमा नेपाल प्रहरी अस्पताल आफ्ना सेवाग्राहीको सेवामा सदैव कटिबद्ध रहँदै आएको छ ।



प्रहरी नायब महानिरीक्षक डा. सुन्दर प्रसाद ह्योजु, निमित्त मेडिकल डाइरेक्टर - नेपाल प्रहरी अस्पताल।



प्र.म.नि. बसन्त बहादुर कुँवर र काठमाडौं विश्व विद्यालयका उपकुलपति डा. भोला थापा बिच स्वास्थ्य शिक्षा सम्बन्धी समझदारी पत्र हस्ताक्षर कार्यक्रम ।



प्र.म.नि. बसन्त बहादुर कुँवर नेपाल प्रहरी अस्पतालको हाता भित्र नवनिर्मित आकस्मिक सेवा भवन समुद्घाटन गर्नुहुँदै।




डेङ्गु संक्रमण सम्बन्धी जनचेतना तथा स्वास्थ्य शिविर कार्यक्रम ।



राष्ट्रिय वाणिज्य बैंकद्वारा नेपाल प्रहरी अस्पतालका लागि एम्बुलेन्स र शववाहन हस्तारण कार्यक्रम ।









*नेपाल प्रहरी अस्पतालद्वारा सञ्चालित विविध स्वास्थ्य परीक्षण गतिविधिहरु ।*

## पछिल्लो आर्थिक वर्षमा प्रारम्भ गरिएका नयाँ सेवाहरू र तिनीहरूको प्रभाव



नेपाल प्रहरी अस्पतालमा सेवाहरूको विस्तारका क्रममा निम्नलिखित नयाँ सेवाहरूको शुरुवात गरिएको छ ।

रेडियोलोजी विभाग अन्तर्गत:

- Interventional Radiology (IR) सेवा
- Varicose Clinic
- Endovenous Laser Ablation of Varicose Veins (बिना चिरफार Laser पद्धतिद्वारा Varicose Vein को उपचार) सेवा

एनेस्थेसियाको विभाग अन्तर्गत:

- Pain Clinic

मेडिकल विभाग अन्तर्गत:

- न्यूरो सर्जरी, न्यूरो मेडिसिन र न्यूरो पेडियाट्रिक्स सेवाहरू

प्रादेशिक नेपाल प्रहरी अस्पतालहरुले समेत वर्षेनी आफ्नो सेवा विस्तार गरिरहेका छन् ।




आ.व. २०८०/०८१ मा स्वास्थ्य सेवाबाट लाभान्वित सेवाग्राही संख्या ।



नेपाल प्रहरी

सत्य सेवा सुरक्षणम्

# राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

## क्षमता विकासको उत्कृष्टताको केन्द्र

# राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान (रा.प्र.प्र.प्र) नेपाल प्रहरीको प्रशिक्षण एवम् व्यावसायिक विकासमा समर्पित एक प्रतिष्ठित संस्था हो । नेपाल प्रहरी सङ्गठनको पहिलो प्रशिक्षण संस्थाको रूपमा वि. सं. २०११ सालमा ललितपुरको श्री महलमा नेपाल पुलिस तालिम केन्द्रको स्थापना भएको थियो । वि.सं. २०१३ सालमा महाराजगञ्ज स्थित शीतल निवासको घोडा तबेलामा स्थानान्तरण भएर सदर पुलिस तालिम केन्द्र नामाकरण भएको यस तालिम केन्द्रलाई पुन: वि.सं. २०४९ साल माघ २९ गते प्रहरी नियमावली, २०४९ को नयाँ व्यवस्था अनुसार राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान नामकरण गरियो । यस रूपान्तरणले प्रतिष्ठानलाई पाठ्यक्रम विकास, अनुसन्धान, निरीक्षण, नीति तर्जुमा र कार्यान्वयनको क्षेत्रहरुमा क्षमता विकासको उत्कृष्टताको केन्द्रको रुपमा रणनीतिक परिवर्तन गराएको छ । हाल कार्यकारी निर्देशकको रूपमा प्रहरी अतिरिक्त महानिरीक्षकको नेतृत्वमा कुल ६७९ जनाको दरबन्दी कायम रहेको छ।

नेपाल प्रहरीको समृद्ध प्रशिक्षण इतिहास बोकिरहेको रा.प्र.प्र.प्र को प्रत्यक्ष मातहतमा सात प्रदेश प्रहरी तालिम केन्द्र र तीन विभिन्न विशेष प्रशिक्षण केन्द्रहरू: नेपाल प्रहरी शिक्षालय, भरतपुर, नेपाल प्रहरी अपराध अनुसन्धान विद्यालय, महाराजगञ्ज र नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय रहेका छन् । समयानुकूल तथा प्रभावकारी रूपले प्रहरी अधिकृत आधारभूत तालिम तथा उन्नत तालिम सञ्चालन गर्नुको साथै विभिन्न नेतृत्व तहको व्यवस्थापन सिप अभिवृद्धि र नेतृत्व विकासमा सघाउ पुऱ्याउने खालको प्रशिक्षण प्रदान गर्ने प्रतिष्ठानको लक्ष्य रहेको छ । यसै सन्दर्भमा प्रतिष्ठानको मुख्य प्राथमिकतामा रहेको प्रहरी निरीक्षक आधारभूत तालिममा वि.सं. २०१९ सालबाट २०६२ सालसम्म कुल ७१३ जना अधिकृतहरू दीक्षित भई सकेका छन् भने त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित पोष्ट ग्राजुयट डिप्लोमा इन पुलिस साईन्सेस् विषय समावेश भएको प्रहरी निरीक्षक आधारभूत तालिममा हाल सम्म १२४४ जना प्रहरी निरीक्षकहरू यस प्रतिष्ठानबाट दिक्षित भई सकेका छन् ।

प्रशिक्षणको क्षेत्रमा बहु प्रतिष्ठित संस्थाको रूपमा परिचित यस प्रतिष्ठानले वार्षिक रूपमा १,००० भन्दा बढी प्रहरी कर्मचारीहरुका लागि सञ्चालन गर्ने तालिमहरुमा ४१% सिनियर अधिकृतहरुका साथै अन्य विभिन्न प्रशिक्षण गतिविधिहरुमा १८.२५% महिला प्रहरीहरु समेत सहभागी हुँदै आएका छन्। प्रहरी सेवा प्रवाहमा अहम् भूमिका निर्वाह गर्ने प्राविधिक समूह तर्फका प्रहरी कर्मचारीहरुको क्षमता विकासलाई समेत सेवाकालीन तथा उन्नत तालिमहरु समावेश गर्ने गरिएको छ । प्रशिक्षण गतिविधिमा प्रहरी कर्मचारीहरुको पहुँचलाई वृद्धि गर्ने हेतुले प्रारम्भ गरिएको घुम्ती प्रशिक्षणले पछिल्लो एक दशकमा ४,२०० भन्दा बढी समूहमा १,५०,००० प्रहरी जवान तथा हवल्दारहरुलाई सेवाकालीन सिप तथा ज्ञान प्रदान गरी प्रहरी प्रशिक्षणको गौरवमय इतिहासमा एक सफल उदाहरण अङ्कित भएको छ ।

नेपाल प्रहरी खेलकुद समिति मार्फत विभिन्न खेलकुद विधामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएर राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले राष्ट्रिय खेलकुद क्षेत्रको विकासमा समेत महत्वपूर्ण भूमिका खेलेको छ। राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान आधुनिकता एवम् उत्कृष्टता तर्फ उन्मुख भई प्रहरी प्रशिक्षणको क्षेत्र आमूल परिवर्तन गर्न क्रियाशिल रहेको छ । यसै कार्यको प्रतिफल स्वरूप कुशल तथा सक्षम भावी नेतृत्वको विकास गर्ने उद्देश्यले प्रतिष्ठानको पहलमा नेपाल प्रहरीमा स्टाफ कलेज स्थापना गरी प्रहरी विज्ञानमा स्नातकोत्तर (मास्टर्स ईन पुलिस साईन्सेस) कार्यक्रम सञ्चालन गर्न लागिएको छ ।





प्रहरी अतिरिक्त महानिरीक्षक सुदिप गिरी, कार्यकारी निर्देशक - राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान ।








*तालिम गतिविधिका माध्यमबाट सहनशिलता, साहस तथा आत्मविश्वास अभिवृद्धि गर्दै ।*

# राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, काभ्रे परियोजना

समयसापेक्ष अत्याधुनिक, व्यवस्थित र अन्तर्राष्ट्रिय स्तरको प्रशिक्षण केन्द्र बनाउने उद्देश्यले काठमाडौंबाट ३२ किलोमिटर दक्षिण पूर्वमा पर्ने काभ्रेपलान्चोक जिल्लाको पनौती नगरपालिका - ६ मा निर्माणाधीन राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, काभ्रे परियोजना नेपाल र भारत बिचको सहकार्य भावनाको प्रतीकको रूपमा रहेको छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानलाई आधुनिकीकरण गर्ने लक्ष्य राखिएको यस महत्वपूर्ण आयोजना नेपाल प्रहरीको प्रशिक्षण र विकासलाई अभिवृद्धि गरी अत्याधुनिक प्रशिक्षण प्रतिष्ठानको रूपमा स्थापना हुनेछ । नेपाल प्रहरीलाई थप सबल र सक्षम बनाउने हेतु सहित यस आयोजनाको स्थापनार्थ भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीज्यूको नेपाल भ्रमणका क्रममा सन् २०१४ मा भारत सरकार र नेपाल सरकार बिच समझदारी पत्र (MoU) मा हस्ताक्षर भएको थियो ।

रा.प्र.प्र.प्र.ले नेपाल सरकारको सार्वजनिक खरिद नियमको अधिनमा रही यस आयोजना निर्माणका लागि निर्माण व्यवसायी ACIL–RCPL JV सँग मिति २०७९ असार १३ गते ने. रु. १०,०१,५१,००,००१/- बराबरको रकममा, कुल १,०९५ दिनभित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो । करिब ८४ एकडमा फैलिएको यस आयोजनाको सम्झौता अनुसार कुल ६६ वटा भवन तथा अन्य संरचनाहरुको निर्माण कार्यलाई मुख्य आठ (८) वटा तहमा विभाजन गरी निर्माण तालिका तय गरिएको छ । आयोजनाको परामर्शदाता भारतको केन्द्रीय लोक निर्माण विभाग (Central Public Works Department, CPWD) को मिति २ अगस्त, २०२४ को प्रगति प्रतिवेदन अनुसार हाल आयोजनाको भौतिक प्रगति ३०% र आर्थिक प्रगति २४% रहेको छ । प्रतिष्ठान नव-नियुक्त भएका प्रहरी निरीक्षकहरुलाई आधारभूत तालिम साथै अन्य उन्नत प्रकृतिका तालिम समेत प्रदान गर्ने महत्वपूर्ण संस्थाको रूपमा स्थापित हुनेछ। निर्माणाधीन रा.प्र.प्र.प्र. अन्तर्राष्ट्रिय स्तरको सुविधा सम्पन्न पूर्वाधार केन्द्रको रुपमा स्थापित हुनेछ । तालिमको आधुनिक सुविधा र पूर्वाधारको केन्द्र हुनेछ जसले नेपाल प्रहरीको प्रशिक्षण क्षेत्रको आयाममा आमूल परिवर्तन ल्याउनुका साथै नेपाल प्रहरी सङ्गठनको तालिमको गुणस्तरमा उल्लेख्य वृद्धि गर्ने अपेक्षा राखिएको छ ।



## भावी नेतृत्व विकास

# प्रहरी विज्ञानमा स्नातकोत्तर तहको कार्यक्रम -MPS_

नेपाल प्रहरीमा प्रहरी विज्ञानमा स्नातकोत्तर कार्यक्रम शैक्षिक एवम् व्यावसायिक उन्नयनका माध्यमबाट भावी नेतृत्वको विकास र व्यवस्थापनका लागि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानले प्रारम्भ गरेको एक महत्वपूर्ण शैक्षिक कार्यक्रम हो। वि.सं २०५७ सालमा प्रतिष्ठानले प्रहरी विषयमा स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमको आवश्यकता दर्शाउँदै नेपाल प्रहरी प्रधान कार्यालयलाई अवधारणा पत्र पेस गरेसँगै यस कार्यक्रमको उत्थान भएको थियो ।

प्रारम्भिक चरणमा यस अवधारणाले कार्यक्रमको प्राज्ञिक पक्षलाई मात्र केन्द्रित गरेको थियो भने नेपाल प्रहरी कार्ययोजना-२०८० अनुसार कार्ययोजना तर्जुमा गर्न गठित समितिले यस पाठ्यक्रमलाई नयाँ दिशा तथा आयाम प्रदान गरेको छ। यस कार्यक्रमले प्रहरी अधिकृतहरुको पदोन्नति तथा अन्य व्यावसायिक अवसरहरुमा योग्यतामा आधारित प्रणाली स्थापना गरी वृत्ति विकासमा जोड दिएको छ ।

कार्यक्रमको लागि त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकायसँगको समन्वयमा प्रहरी कार्य र प्रविधिसँग सम्बन्धित समयानुकूल विषयवस्तुहरु समावेश गरी नयाँ पाठ्यक्रम समेत तयार गरिएको छ। यस कार्यक्रमलाई तत्काल सुचारु गर्न मिति २०८१/०३/१२ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा एम.पि.एस. संकाय कार्यालय स्थापना गरिएको छ। निकट भविष्यमा, यस कार्यालयलाई नेपाल पुलिस स्टाफ कलेजको अवधारणाको रुपमा विकास गरी प्रहरी विज्ञानको क्षेत्रमा एक उत्कृष्ट संस्थाको रुपमा विस्तार गर्ने योजना रहेको छ । वि.सं २०८१ भदौ २१ गते आयोजित एक कार्यक्रममा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर र त्रिभुवन विश्व विद्यालय, व्यवस्थापन संकायका डिन प्रध्यापक डा. डिल्ली राज शर्माले एम.पि.एस कार्यक्रमको समझदारी पत्र (MoU) मा हस्ताक्षर गर्नुभएको छ।




*प्र.म.नि. बसन्त बहादुर कुँवर र प्रा. डा. डिल्ली राज शर्मा (डिन - व्यवस्थापन संकाय, त्रिभुवन विश्वविद्यालय) बिच प्रहरी विज्ञानमा स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर।*



रणनीतिक नेतृत्व र व्यवस्थापन सम्बन्धी प्रशिक्षण ।



प्रहरी युक्ति कारबाही तालिमका क्रममा प्रशिक्षार्थीहरु ।



युक्ति कारबाही अभ्यासमा प्रहरी विशेष कार्यदल ।


POLICE

‘गर्वका साथ सेवा, सम्मानका साथ सुरक्षा’



## समुदायसँगाको समन्वय - सहकार्य

# सामुदायिक प्रहरी












# काठमाडौं उपत्यका प्रहरी

## सुरक्षित उपत्यका हाम्रो प्रतिबद्धता

# काठमाडौं उपत्यका प्रहरी

नेपालको राजधानी काठमाडौं, ललितपुर र भक्तपुर जिल्लालाई समेटेर काठमाडौं उपत्यका प्रहरी कार्यालयले शान्ति सुरक्षा कायम गर्न प्रमुख भूमिका खेलिरहेको छ । काठमाडौं देशको राजनीतिक, आर्थिक तथा सांस्कृतिक केन्द्र भएकोले सुरक्षा संवेदनशीलता अझ बढेको छ। यो क्षेत्र करिब ८९९ वर्ग किलोमिटर क्षेत्रफल भएको काठमाडौं उपत्यका पूर्वमा साँगा भञ्ज्याङ र पश्चिममा वाण भञ्ज्याङ, उत्तरमा पाँचमाने भञ्ज्याङ र दक्षिणमा फर्पिङसम्म फैलिएको छ। वि.सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार करिब ३० लाख जनसंख्या रहेको यस उपत्यकामा बसाई सराई, शहरीकरण र पर्यटनका कारण करिब ४५ लाख जनसंख्या रहेको अनुमान गरिएको छ। तीव्र शहरीकरण, सामाजिक र आर्थिक परिवर्तनका कारण अपराधका नयाँ प्रवृत्तिहरु देखा परेका छन्, जसको कारण काठमाडौं उपत्यका प्रहरी कार्यालयले सुरक्षा चुनौतीको व्यवस्थापनमा आधुनिक वैज्ञानिक दृष्टिकोणको साथ सुरक्षा व्यवस्था मिलाउदै आएको छ।

यस कार्यालयलाई पहिलो पटक वि.सं. २०५४ सालमा प्रहरी नायब महानिरीक्षकको नेतृत्वमा उपत्यकाका तीन जिल्लाको शान्ति सुव्यवस्थाको जिम्मा दिइएको थियो भने वि.सं. २०६३ सालमा काठमाडौं उपत्यकाको शान्ति सुरक्षाको अवस्थालाई अझ समय सापेक्ष एवम् सुदृढ बनाउने उद्देश्यले प्रहरी अतिरिक्त महानिरीक्षकको नेतृत्वमा महानगरीय प्रहरी आयुक्तको कार्यालय स्थापना गरियो। यो पुन:संरचनाले अपराध रोकथाम तथा नियन्त्रणमा थप प्रभावकारिता ल्याउनका साथै उपत्यकामा कानून कार्यान्वयन गर्ने कार्यलाई सहज बनाएको थियो। वि.सं. २०७१ सालमा महानगरीय प्रहरी आयुक्तको कार्यालयबाट पुन: महानगरीय प्रहरी कार्यालय नामाकरण गरी कार्यालय प्रमुखको रूपमा प्रहरी नायब महानिरीक्षक रहने व्यवस्था भयो।

देश संघीय संरचनामा गए पछि देशको राजधानी, संघीय संरचना, बढ्दो शहरीकरण र जनघनत्व आदिको सम्बेदनशीलतालाई दृष्टिकोण गरी वि.सं. २०७७ सालमा प्रहरी अतिरिक्त महानिरीक्षकको नेतृत्व व्यवस्था गरी वि.सं. २०७८ मा हालको काठमाडौं उपत्यका प्रहरी कार्यालय नामाकरण गरियो ।

राजधानीमा हुने विरोध प्रदर्शन, दंगा नियन्त्रण तथा ठूलठूला सभा सम्मेलनहरूको व्यवस्थापन गर्न उपत्यका प्रहरीले विशेष सुरक्षा योजना बनाई स्थानीय प्रशासन र अन्य सुरक्षा निकायहरूसँग समन्वय गरी व्यवस्थापन गर्दै आइरहेको छ। सार्वजनिक शान्ति र सुव्यवस्थाका साथै स्वदेशी तथा विदेशी महत्वपूर्ण व्यक्तिहरूको भ्रमण समेतको सुरक्षा व्यवस्था मिलाउदै आएको छ। साथै धार्मिक चाडपर्वहरु र खेलकुद प्रतियोगिताहरु जस्ता सार्वजनिक कार्यक्रमहरुमा सुरक्षा व्यवस्थापन गर्नका साथै अपराध नियन्त्रण तथा रोकथाम सम्बन्धी महत्वपूर्ण कार्यहरु गर्दै आएको छ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयले प्रहरी सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धिका लागि आधुनिक वैज्ञानिक प्रविधिको उपयोग तथा प्रहरी कर्मचारीहरुको क्षमता अभिवृद्धिमा जोड दिँदै आएको छ । प्रविधि र समुदायसँगको साझेदारिता समावेश गरिएको स्मार्ट प्रहरी रणनीतिहरुको प्रभावकारी परिचालनले प्रहरी सेवा प्रवाहमा महत्वपूर्ण भूमिका खेलेको छ।





प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्य, प्रमुख - काठमाडौं उपत्यका प्रहरी कार्यालय ।



सिसिटिभिको माध्यमद्वारा निगरानी तथा नियन्त्रण ।









सेवा प्रवाहमा तत्परता।

# अन्तर्राष्ट्रिय विमानस्थल

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नेपालका विमानस्थलहरु मध्ये सबैभन्दा व्यस्त र संवेदनशील विमानस्थल हो । नेपाल प्रहरीले हवाई सुरक्षाका साथै यात्रु, कर्मचारी, सामान र कार्गोको सुरक्षाका लागि चौबिसै घण्टा सतर्कतापूर्वक केनाइन सहितको दक्ष प्रहरी कर्मचारीहरु परिचालन गर्दै आइरहेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेका इन्टरपोल, लागु औषध नियन्त्रण, मानव बेचबिखन नियन्त्रण, पर्यटक प्रहरी लगायतका एकाइहरुले आ-आफ्ना विशिष्टीकृत कार्यहरु गर्दै आएका छन्।

राजधानीमा रहेको अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षाका अतिरिक्त नेपाल प्रहरीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पनि यात्रुहरूको सुरक्षित आवागमन र अपराध नियन्त्रणमा महत्वपूर्ण भूमिका खेलेको छ।



*त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा केनाइन लगायतका सुरक्षा जाँच ।*



# विशेष ब्यूरो

## अपराध अनुसन्धान तथा व्यवस्थापन

# केन्द्रीय अनुसन्धान व्यूरो

शान्ति र सुव्यवस्था देशको समग्र विकास र समृद्धिको अपरिहार्य विषयवस्तु हुन्, त्यसैले राज्यले शान्ति र सुव्यस्था कायम गर्न अपराध रोकथाम र अनुसन्धानका लागि प्रभावकारी व्यवस्था गर्नुपर्ने हुन्छ। देशको कानूनलाई समयानुकूल बनाउँदै अपराध अनुसन्धान र व्यवस्थापनलाई प्रभावकारी एवम् सुदृढ बनाउँदै लैजानु पर्दछ। राज्यले कानूनतः नेपाल प्रहरीलाई प्रदान गरेको समाजमा शान्ति सुरक्षा कायम गर्ने, अपराध नियन्त्रण, रोकथाम गर्ने तथा अपराध अनुसन्धान गर्ने गहन जिम्मेवारी निर्वाह गर्ने क्रममा मौजुदा अनुसन्धानात्मक स्वरुप, संयन्त्र तथा प्रणालीलाई समय सापेक्ष परिष्कृत एवम् सुदृढ बनाउने सिलसिलामा नेपाल प्रहरीमा केन्द्रीय अनुसन्धान व्यूरो स्थापना गर्ने अवधारणा आएको हो।

सार्वजनिक सरोकार, राष्ट्रिय हित तथा अनुसन्धानका दृष्टिकोणबाट संवेदनशील एवम् जटिल मुद्दाहरुको सफल अनुसन्धान गरी पीडितलाई न्याय दिलाई समाज, राष्ट्र तथा अन्तर्राष्ट्रिय तहमा सुदृढ कानून कार्यान्वयनका माध्यमबाट नेपाल प्रहरी र समग्र देशकै साख उच्च बनाउने लक्ष्यका साथ तत्कालीन श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०६१/०१/१७ गतेको निर्णयले प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरोमा प्रहरी नायब महानिरीक्षक सहित ७ जनाको दरबन्दी र मिति २०६७/०३/१५ गतेको नेपाल सरकार (मन्त्रीस्तरीय) को निर्णयबाट व्यूरोमा प्रहरी वरिष्ठ उपरीक्षक सहित थप १६५ जना गरी जम्मा १७२ जनाको दरबन्दी स्वीकृत भई मिति २०६७/०४/०१ गतेबाट केन्द्रीय अनुसन्धान व्यूरोले कार्य सञ्चालन सुरु गरी २०७० असार ३ गते केन्द्रीय अनुसन्धान व्यूरो (स्थापना तथा कार्य सञ्चालन) नियमावली, २०७० नेपाल राजपत्रमा प्रकाशित भए सँगै विधिवत रुपमा कार्य गर्दै आएको छ। हाल केन्द्रीय अनुसन्धान व्यूरोमा प्र.अ.म.नि. को नेतृत्वमा १७५ जना दरबन्दी कायम रहेको छ।

बढ्दो रुपमा देखिएका बहुदेशीय, सङ्गठित लगायतका जघन्य प्रकृतिका अपराध समेतको सफल अनुसन्धान गर्दै केन्द्रीय अनुसन्धान व्यूरोले सङ्गठनको एक महत्वपूर्ण अङ्गको रुपमा आफूलाई स्थापित गरिसकेको छ। यस्ता अपराधहरुको नयाँ प्रवृत्ति र गुणात्मक वृद्धिले व्यूरोलाई थप मजबुत बनाउँदै लैजानुपर्ने देखिएको छ। यसै परिप्रेक्षमा केन्द्रीय अनुसन्धान व्यूरोले अन्तर्राष्ट्रिय रुपमा पारस्पारिक सहयोग समेत अभिवृद्धि गरी उच्चतम प्रविधिहरुको प्रयोग गरेर आफ्नो आवश्यकता र प्रभावकारितालाई थप स्पष्ट पार्न सफल भएको छ। अपराधको परिवर्तनशील प्रकृति अत्याधुनिक प्रविधिको प्रयोग र विश्वव्यापी कानून कार्यान्वयन गर्ने निकायहरुसँग समन्वय र सहयोग आदान प्रदान गर्न सक्ने क्षमताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा व्यूरोको भूमिकालाई अझ महत्वपूर्ण बनाएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा जटिल र सङ्गठित हुँदै गइरहेका अपराधहरुको प्रभावकारी अनुसन्धानमा व्यूरोले महत्वपूर्ण भूमिका निभाएको छ। सार्वजनिक सरोकार, राष्ट्रिय हित तथा अनुसन्धानका दृष्टिकोणबाट संवेदनशील एवम् जटिल मुद्दाहरुको अनुसन्धान गर्ने, व्यूरो मातहतका र नेपाल प्रहरीका अन्य अनुसन्धान गर्ने एकाइहरुलाई सहयोग गर्दै समग्र फौजदारी न्याय प्रणालीमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।





प्रहरी अतिरिक्त महानिरीक्षक दिपक थापा, प्रमुख - केन्द्रीय अनुन्धान व्यूरो ।

## बहुदेशीय सञ्जाल निस्तेज बनाउँदै

# लागु औषध नियन्त्रण व्यूरो

नेपालमा लागु औषध नियन्त्रण व्यूरो (NCB) नेपाल सरकारको वि.सं. २०४९ साल जेठ २५ गतेको निर्णयबाट लागु औषध नियन्त्रण कानून कार्यान्वयन एकाइ (NDCLEU) को रूपमा स्थापना भएको थियो। यसको मुख्य कार्यादेश देशभर लागु औषध अपराध रोकथाम तथा नियन्त्रण गर्नु हो । वि.सं. २०६९ साल मंसिर १४ गते यसलाई राष्ट्रिय लागु औषध नियन्त्रण नीति अनुसार लागु औषध नियन्त्रण व्यूरोमा स्तरोन्नति गरिएको थियो । नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो मातहत रहेको लागु औषध नियन्त्रण व्यूरोको केन्द्रीय कार्यालय काठमाडौंमा र शाखा कार्यालयहरु विभिन्न सीमा नाकाहरू, अन्तर्राष्ट्रिय विमानस्थल तथा प्रमुख शहरहरूमा समेत अवस्थित छन् ।

लागु औषध नियन्त्रण व्यूरोको प्रमुख जिम्मेवारीहरूमा लागु औषध नियन्त्रण ऐन लागु गर्ने र नेपाल भित्र र सिमा क्षेत्रहरुमा लागु औषध सम्बन्धी अपराधहरूको रोकथाम, नियन्त्रण तथा अनुसन्धान गर्नु हो । यसले अवैध लागु औषध गतिविधिहरू सम्बन्धमा सूचना संकलन, विश्लेषण गरी स्थानीय प्रहरी र अन्य संस्थाहरुसँग समन्वय गरी लागु औषध तस्करहरूको सञ्जाल विरुद्ध अन्तर्राष्ट्रिय-क्षेत्रीय सहयोग आदान प्रदान गरी लागु औषध तस्करहरूको सञ्जाल तोड्ने काम गर्दछ। लागु औषध नियन्त्रण व्यूरोले लागु औषधको विश्वव्यापी प्रवृत्तिको अध्ययन/अनुसन्धान गर्ने, सीमापार लागु औषध अपराधको सामना गर्ने र अनुसन्धानलाई थप सुदृढ बनाउने गर्दछ ।

हालैका वर्षहरूमा लागु औषध नियन्त्रण व्यूरोले आफ्नो स्याटेलाईट एकाइहरु विस्तार तथा सुदृढ बनाउन लागु औषध पहिचान गर्ने, प्रविधिको प्रयोग र क्षमता विकास गर्नमा केन्द्रित भएको छ । सूचना संकलन, विश्लेषण र व्यवस्थापनको लागि सफ्टवेयर निर्माण गर्ने, नियन्त्रित औषधीजन्य लागु औषध नियन्त्रण गर्न औषधी व्यवस्था विभागसँग समन्वय गर्ने र लागु औषध नियन्त्रण ऐनलाई समयसापेक्ष अद्यावधिक गर्न पहलकदमी लिने कार्यहरु भईरहेका छन् । लागु औषध नियन्त्रण व्यूरो आफ्नै भवन सहितको पूर्वाधार र स्रोत साधनको निर्माण एवम् गर्न समेत प्रयासरत छ ।

लागु औषध नियन्त्रण व्यूरोको विभिन्न अनुसन्धानहरुबाट कोकिन, हेरोइनको ओसारपसारमा महिला, अपाङ्गता र आर्थिक रूपमा विपन्न व्यक्तिहरूलाई प्रयोग गरेको देखिएको छ ।

लागु औषध तस्करीको लागि लागु औषधलाई लुकाई छिपाई गरी ओसारपसार गर्न विभिन्न तरिकाहरुको प्रयोग गरिएको छ जसमा लगेजका विभिन्न भित्री भागहरु र शरीरका भित्री अंगहरुमा लुकाई ओसार पसार गर्ने गरेको पाईएको छ। विशेष गरी अफ्रिका र दक्षिण अमेरिकाका तस्करहरुमा लागु औषध निलेर अत्यन्त समस्या पार्ने प्रवृत्तिको पहिचान व्यूरोले गरेको छ । हालसम्म गरिएका विभिन्न अनुसन्धानहरुले लागु औषध ट्रान्जिटको जटिल तथा परिष्कृत विधिहरुको खुलासा गरेको छ जसले लागु औषध नियन्त्रण रणनितिहरुमा निरन्तर सतर्कता र तदनुरुपका उपायहरु अवलम्बन गर्नु पर्ने आवश्यकतालाई जोड दिएको छ ।




*आ.व. २०८०/०८१ मा नेपाल प्रहरीद्वारा बरामद गरिएका लागु औषध तथा मनोद्विपक पदार्थ बरामद र पक्राउ विवरण*




२०८१ श्रावण २३ मा ५१ वर्षिय लात्भियन नागरिक ६.२४ के.जी. कोकिन सहित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ ।



निलेको कोकिन क्यापसुल एक्स-रे मार्फत पत्ता लागेको।



मंसीर २६, २०८० मा अमेरिकाबाट भित्र्याइएको ५५ के.जी. गाँजा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बरामद गरिएको ।




१,८०,४३० नियन्त्रित मनोद्विपक पदार्थ ट्रामाडोल क्याप्सुल सहित ६ जना व्यक्ति पक्राउ ।

## मानव बेचबिखन विरुद्धका अभियानलाई सुदृढ बनाउँदै

# मानव बेचबिखन अनुसन्धान ब्यूरो

बहुदेशीय तथा सङ्गठित अपराधको रुपमा रहेको मानव बेचबिखन सम्बन्धी अपराध विरुद्ध लड्न सक्ने सक्षम एवम्  प्रभावकारी संयन्त्रको विकास गर्ने लक्ष्यका साथ नेपाल सरकारको वि.सं. २०७५ साल जेठ २५ गतेको निर्णय अनुसार मानव बेचबिखन अनुसन्धान ब्यूरो स्थापना भएको हो। वि.सं. २०७६ साल भाद्र ४ गते प्रहरी नियमावलीमा गरिएको सातौं संशोधन पछि केन्द्रीय अनुसन्धान ब्यूरो अन्तर्गत रहने व्यवस्था भएको छ । मानव बेचबिखन नियन्त्रण एवम् न्यूनीकरण गर्ने, बेचबिखन कार्यमा संलग्न व्यक्तिलाई पक्राउ गरी कानूनी दायरामा ल्याउने, पीडितको उद्धार गर्ने, सामाजिक तथा पारिवारिक पुनर्मिलनका लागि सहजीकरण गर्ने र समन्वय सहकार्यलाई सुदृढ बनाउने ब्यूरोका मुख्य उद्देश्यहरु रहेका छन् ।

ब्यूरोले मानव बेचबिखन सम्बन्धी उजुरीहरु प्राप्त गर्ने, अनुसन्धान गर्ने, अन्य प्रहरी कार्यालयहरुले गरेको अनुसन्धानमा सहयोग गर्ने, मानव बेचबिखन सम्बन्धी अपराधको केन्द्रीय अभिलेख राख्ने लगायतका कार्यहरु गर्ने गर्दछ । मानव बेचबिखन सम्बन्धी कसूरको अनुसन्धान बहुदेशीय, सङ्गठित प्रकृतिको हुने भएकोले अभियुक्तहरुको पहिचान, प्रमाण संकलन लगायतका कार्यमा जटिलता हुने हुन्छ । अन्तर्राष्ट्रिय तहमा नै मानव बेचबिखन सम्बन्धी अपराध निवारण तथा कानून कार्यान्वयनको विषय अत्यन्त संवेदनशील एवम् उच्च प्राथमिकतायुक्त भएको हुँदा नेपालमा पनि यो विषय उत्तिकै चासो, चिन्ता एवम् संवेदनशील विषय रहि आएको छ ।

यस गहन एवम् संवेदनशील क्षेत्रको महत्वपूर्ण अङ्गको रुपमा कार्य गर्ने मानव बेचबिखन अनुसन्धान ब्यूरोले आफ्नो "मानव बेचबिखन विरुद्धको कार्ययोजना, २०८०" बमोजिम समाजमा सचेतना अभिवृद्धि, मानव बेचबिखन सम्बन्धी कसूरको प्रभावकारी अनुसन्धान तथा सहयोग, कानून कार्यान्वयनमा सरोकारवाला निकायसँग सुदृढ समन्वय, सहकार्य तथा सहयोगका माध्यमद्वारा कार्ययोजनामा समेटिएका कार्यहरु सम्पादन गर्ने गर्दछ ।

साथै, यसले मानव बेचबिखन विरुद्ध साथै मानव अधिकारको रक्षा तथा प्रवर्धन गर्ने कार्यमा अन्तर्राष्ट्रिय तहमा रहेका नेपालका प्रतिबद्धताहरु पालना तथा कार्यान्वयन गर्ने दिशामा इमान्दारीताका साथ कार्यान्वयन गर्ने गर्दछ । यसरी ब्यूरोले स्थापनाको छोटो अवधिमै मानव बेचबिखन विरुद्धको विभिन्न अभियानहरु सञ्चालन एवम्, सहभागी भई अपराध अनुसन्धान, कानून कार्यान्वयनका माध्यमबाट राष्ट्रिय-क्षेत्रीय-अन्तर्राष्ट्रिय तहमा आफ्नो सकारात्मक छाप छोड्न सफल भइसकेको छ भने यी प्रयासहरुलाई अझ सुदृढ बनाउन प्रयत्नशील रहिआएको छ ।




*मानव बेचबिखन अनुसन्धान ब्यूरोद्वारा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा चेकजाँच गर्दै ।*




*मानव बेचबिखन सम्बन्धी कसूर अभियुक्त ।*

## साइबर सचेतना तथा कानून कार्यान्वयन

# साइबर व्यूरो

विश्वव्यापी रुपमा सूचना तथा सञ्चार प्रविधिको तीव्र विकास र आमजनतामा यसको बढ्दो प्रयोगसँगै हाल साइबर अपराध विश्वव्यापी र जटिल बन्दै गएको छ। नेपालले पनि यस्ता चुनौतीहरुको सामाना गरिरहेको छ । यस्ता चुनौतीहरुलाई प्रभावकारी रुपमा न्यूनीकरण, व्यवस्थापन, र अनुसन्धान गर्न एक विशेष एकाइको आवश्यकतालाई महसुस गर्दै वि.सं. २०७५ साल जेठ २७ गते नेपाल प्रहरीमा साइबर व्यूरो स्थापना गरिएको थियो।

साइबर व्यूरोले  सचेतना, शिक्षा र कानून कार्यान्वयनको माध्यमबाट सम्भावित साइबर खतरा र अपराधहरु विरुद्ध खबरदारी र अनुसन्धान गर्दछ। नवीनतम प्रविधिको विकास सँगसँगै विश्वव्यापी रुपमा साइबर खतरा र चुनौतीहरु पनि बढ्दो क्रममा छन् । आफ्नो लक्ष्य हासिल गर्न साइबर व्यूरो दृढतापूर्वक क्षमता विकास र सम्बन्धित निकायहरुसँगको सहयोग, समन्वय र साझेदारी सहित अगाडि बढिरहेको छ। साइबर व्यूरोले विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतका कसूरहरुको अनुसन्धान गर्दछ र देशभरका अनुसन्धान गर्ने एकाइहरुलाई साइबर अपराध अनुसन्धानमा सहयोग गर्दछ ।

आफ्नो भूमिकालाई सुदृढ बनाउन साइबर व्यूरोले भौतिक पूर्वाधार विकास, साइबर फरेन्सिक प्रयोगशालाको आधुनिकीकरण, मानव संसाधनको क्षमता अभिवृद्धिमा केन्द्रित रहेको छ । साइबर सुरक्षा नीति तथा कार्य योजनाहरु बनाउने, साइबर जोखिमको मूल्याङ्कन गर्ने, प्राविधिक सहयोग प्रदान गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग बढाउने र साइबर प्रणालीको सुरक्षा गर्ने लगायतको कार्यहरु व्यूरोका अधिकारक्षेत्र भित्र पर्दछन्।

व्यूरोले साइबर सुरक्षाको बारेमा जनचेतना बढाउन र साइबर सम्बन्धी घटनाहरुलाई प्रभावकारी रुपमा सम्बोधन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्दछ । Open Source Intellengence (OSINT), सामाजिक सञ्जाल र सेवा प्रदायकहरुसँग सहकार्य गर्दै साइबर अपराध अनुसन्धान तथा व्यवस्थापन गर्ने गर्दछ ।

कम्प्युटर प्रणाली स्रोतहरुमा अनधिकृत पहुँच, विद्युतीय उपकरणहरुको ह्याकिङ्ग, बौद्धिक सम्पत्ति चोरी, गाली गलौज, मानहानी लगायतका साइबर सम्बन्धी कसूरहरुको सफल अनुसन्धान गरी पीडितहरुलाई न्याय प्रदान गर्दै आएको छ।

आफ्नो स्थापनाको छोटो समयमा नयाँ प्रविधि सम्मिलित साइबर सम्बन्धी कसूरहरुको अनुसन्धान गर्ने, साइबर सचेतना अभिवृद्धि गर्ने एवम् साइबर प्रणालीको सुरक्षा गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ ।







विगत ५ वर्षमा साइबर व्यूरोमा प्राप्त उजुरीहरुको तुलनात्मक तथ्याङ्क

## मुख्य उपलब्धीहरु

**IT-Fraud on Impersonation:** वि.सं. २०८० मा एक महिलाको आई डी मार्फत ६ जना पीडित पुरुषहरुले कुराकानी गरी विभिन्न बहानामा रकम माग गरी करिब ६० लाख रुपैयाँको ठगी भएको घटनाका निवेदन प्राप्त भई अनुसन्धानको क्रममा उक्त घटनामा संलग्न वर्ष २० को पुरुष जसले महिलाको आवाज बनाई ठगी गरेको पाइएको थियो । उक्त व्यक्तिलाई पक्राउ गरी आवश्यक अनुसन्धान गरी सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरिएको र अदालतको आदेशले निजलाई कारागार पठाइएको थियो ।

**मोबाइल उपकरणहरु ह्याक गर्ने कार्य:** वि.सं. २०८० सालमा, Nepali Girl.apk लिंक भाइरल भएको थियो । धेरै पीडितहरुले उक्त लिंकमा क्लिक गरेपछि आफ्नो मोबाइल ह्याक भएको र बैंकमा जम्मा गरिएको रकम मोबाइल बैंकिङ मार्फत चोरी भएको थियो। साइबर ब्यूरोको अनुसन्धान टोलीले अनुसन्धानको क्रममा तीन जना व्यक्तिहरुलाई पक्राउ गरी आवश्यक अनुसन्धान पूरा गरी काठमाडौं जिल्ला अदालतमा पेश गरिएकोमा संलग्न व्यक्तिहरु धरौटीमा रिहा भएका थिए ।

**नाबालिक बालक/बालिकाको तस्विर परिवर्तन:** वि.सं. २०८० सालमा एक जना नाबालिकाले सामाजिक सञ्जालमा अपरिचित व्यक्तिसँग साथी बनी कुराकानी गर्ने क्रममा सुरुवातमा राम्रोसँग कुराकानी भएको तर पछि ती नाबालिकाको तस्विरमा नग्न महिलाको तस्विर जोडेर ब्याकमेलिङ गरेको घटना सम्बन्धमा ब्यूरोमा जानकारी प्राप्त भएको र ब्यूरोले यस घटनामा संलग्न नाबालक पुरुष व्यक्तिलाई पक्राउ गरेको थियो ।

**साइबर मानहानी/पीछा गर्ने:** वि.सं. २०७९ सालको अन्त्यतिर ब्यूरोले एक महिलाको तस्विरमा अपमानजनक सन्देशहरु सहित सामाजिक सञ्जालमा पोष्ट गरेको विषयमा अनुसन्धान गर्दा छिमेकीले बदलाभावले पीडितको मानहानी गरेको पाईयो ।

**KOICA परियोजना:**

कोरिया अन्तर्राष्ट्रिय सहयोग एजेन्सी (KOICA) र नेपाल सरकार गृह मन्त्रालय (MOHA) बिच वि.सं. २०७८ साल मंसिर १५ मा भएको छलफल र मिति २०७९ साल असोज ७ गते KOICA र नेपाल सरकार गृह मन्त्रालय बिच समझदारी पत्रमा हस्ताक्षर भई दुबै पक्ष "नेपाल प्रहरी, साइबर ब्यूरोको क्षमता विकास" का लागि सहमत भई कार्यालय भवन सामाखुसी, काठमाडौंमा निर्माणाधीन अवस्थामा रहेको ।




*साइबर अपराध अनुसन्धानकर्ताहरुको क्षमता बढाउदै: नेपाल प्रहरी साइबर ब्यूरोको क्षमता विकास प्रोजेक्ट, आयोजक: संुगक्यूक्वान विश्वविद्यालय, दक्षिण कोरिया ।*




# प्रदेश समन्वय विभाग

## संघीय संरचनामा नेपाल प्रहरी

# प्रदेश समन्वय विभाग

नेपाल प्रहरीलाई नेपालको संघीय संरचना अनुरुप रुपान्तरण गर्दै लैजाने क्रममा नेपाल प्रहरी र प्रदेश प्रहरी बिच प्रभावकारी समन्वय ,सहयोग र सहकार्य गर्दै शान्ति सुव्यवस्था कायम राख्न, अपराध रोकथाम, नियन्त्रण र अनुसन्धान गर्नका साथै मानव स्रोतको समुचित व्यवस्थापन गर्न छुट्टै विभागको स्थापना गर्न अपरिहार्य भएकाले नेपाल प्रहरी र प्रदेश प्रहरीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन प्रतिवेदन, २०७८ बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/११/०५ गतेको निर्णय अनुसार नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत प्रदेश समन्वय विभागको स्थापना भएको हो।

हाल सम्म नेपाल प्रहरी र प्रदेश प्रहरीका कर्मचारीहरुको समायोजन प्रक्रिया पूर्ण रुपमा कार्यान्वयन भइसकेको नभए तापनि नेपाल प्रहरी र प्रदेश प्रहरीको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन प्रतिवेदन, २०७८ अनुसार नै यस विभागको सङ्गठनात्मक संरचना रहेको छ । नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वयका सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ जारी भएको छ ।

यस विभागले कर्मचारी समायोजन पश्चात् नेपाल प्रहरी र प्रदेश प्रहरी बिच साथै एउटा प्रदेश प्रहरी र अर्को प्रदेश प्रहरी बिचको प्रभावकारी समन्वय, सहयोग र सहकार्य सम्बन्धी नीति, नियम, रणनीति, योजना एवम् कार्ययोजना र मापदण्डको कार्यान्वयन गर्ने कार्यमा भूमिका निर्वाह गर्नेछ । समायोजन पश्चात नेपाल प्रहरी र प्रदेश प्रहरी बिच समन्वय गरी मानव संसाधन व्यवस्थापन, प्रदेश प्रहरीबाट अनुरोध भई आएको खण्डमा योजना तथा विकास सम्बन्धी प्रशिक्षण, व्यवस्थापन तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू आवश्यकता अनुसार सञ्चालन गर्नेछ।

नेपाल प्रहरीको समायोजन पश्चात् हुने संक्रमणकालीन व्यवस्थापनको अवधारणा निर्माण र अद्यावधिक गर्ने कार्य सम्पन्न भइसकेको सन्दर्भमा प्रदेश प्रहरीसँग सम्बन्धित कानूनहरुको मस्यौदा तयार गर्ने, समीक्षा सहितको प्रतिवेदन निर्माण गर्ने र प्रदेश प्रहरीसँग सम्बन्धित कानून निर्माणमा यस विभागले निरन्तर समन्वयकारी भूमिका निर्वाह गर्दै आइरहेको छ ।

यस विभागले सातै प्रदेशमा रहेका नेपाल प्रहरी प्रदेश कार्यालयहरुद्वारा सम्पादित कार्यहरुको आवश्यकता अनुसार अनुगमन, सुपरिवेक्षण तथा प्रहरी कार्य सञ्चालनमा समन्वय गर्दै आइरहेको छ। प्रदेशभर हुने अनुसन्धान कार्यमा आवश्यकता अनुसार विशिष्टीकृत निकाय जस्तै केन्द्रीय अनुसन्धान व्यूरो, विधिविज्ञान प्रयोगशाला, दूरसञ्चार समन्वय शाखा, केन्द्रीय डिजिटल फरेन्सिक ल्याब, साइबर व्यूरो, मानव बेचबिखन अनुसन्धान व्यूरो लगायतका एकाइहरुबाट विशेषज्ञको रुपमा अनुसन्धान टोली खटाई पठाउन सम्बन्धित एकाइसँग समन्वय गर्नुका साथै जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यकता अनुसार विभिन्न गोष्ठी, सम्मेलन तथा बैठकहरुको व्यवस्थापन एवम् सञ्चालन समेत गर्दछ। नेपाल प्रहरी अन्तर्गतका विशिष्टीकृत उल्लेखित एकाइहरुले मातहत कार्यालयहरुबाट भइरहेका अपराध अनुसन्धान कार्यलाई सहजीकरण गर्ने एवम् थप प्रभावकारी तथा परिणाममुखी बनाउने कार्यमा नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ तथा अन्य प्रचलित कानूनको अधिनमा रही विभागले नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ ।




प्रहरी नायब महानिरीक्षक केदार ढकाल, निमित्त प्रमुख - प्रदेश समन्वय विभाग।

सञ्चार समन्वय

नीतिगत मिलाप

सुपरिवेक्षण

कार्यक्रम कार्यान्वयन

समन्वय एवम् सहजीकरण

विवाद निरुपण

परियोजना कार्यान्वयन

स्रोत बाँडफाँड

अन्तर्राष्ट्रिय सहकार्य

नीतिगत व्याख्या

सभा तथा गोष्ठी

अभिलेख व्यवस्थापन

# प्रदेश समन्वय विभागको क्षेत्राधिकार

अपराध सम्बन्धी राष्ट्रिय अभिलेखको व्यवस्था गर्ने दफा ३ (ट)

सार्वजनिक सूचना सम्बन्धी नेपाल सरकारलाई सूचना उपलब्ध गराउने । दफा ३ (ग)

नेपाल प्रहरीले प्रदेश प्रहरीलाई विशेष तालिम दिने व्यवस्था मिलाउन सक्नेछ। दफा ६ (६)

नेपाल प्रहरीले अनुसन्धान गर्ने । दफा (४)

नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ बमोजिम नेपाल प्रहरी र प्रदेश प्रहरी बिचका मुख्य कार्यगत सम्बन्धहरु

प्रदेश प्रहरीबाट सहयोग माग भई आएका विषयमा आवश्यक सहयोग गर्ने । दफा ३ (ड)

नेपाल प्रहरी र प्रदेश प्रहरीको व्यवसायिक कार्य सम्पादन र सङ्गठनात्मक आवश्यकताको लागि हातहतियार खरखजाना र सञ्चार साधनको व्यवस्था मिलाउने दफा ३ (ज)

प्रदेश प्रहरीको परिचालन र सुपरिवेक्षण दफा १२

सीमापार अपराध तथा नेपाल बाहिर भएको वा नेपाल बाहिर समेत अनुसन्धान गर्नुपर्ने कुनै कसूर दफा ४ (ग)



## कोशी प्रदेश




*प्रहरी नायब महानिरीक्षक चन्द्र कुबेर खापुङ*
*कोशी प्रदेश प्रहरी कार्यालय*

भौगोलिक, सामाजिक एवम् सांस्कृतिक विविधताले खडा गरेका चुनौतीहरुका बिच प्रभावकारी प्रहरी परिचालन मार्फत समुदायसँग गतिशिल सुमधुर सम्बन्ध विस्तार गर्दै आफ्नो जिम्मेवार क्षेत्रमा अपराध अनुसन्धान एवम् नियन्त्रण तथा शान्ति सुव्यवस्था कायम गरी आम नागरिकको सुरक्षा सुनिश्चित गर्न र समुदायको विश्वासिलो संस्थाका रुपमा प्रहरीलाई चिनाउनका लागि प्रतिबद्ध रहेको कोशी प्रदेश प्रहरी कार्यालयले आफ्नो प्रत्यक्ष मातहत रहेका १४ वटा जिल्ला प्रहरी कार्यालय लगायतका प्रहरी एकाइहरुबाट उपलब्ध स्रोत र साधनको परिचालन गरी राष्ट्र सेवामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

**दुर्व्यसन विरुद्ध आमाहरू**

समुदाय प्रहरी साझेदारी कार्यक्रमका माध्यमबाट कोशी प्रदेश अन्तर्गतका जिल्लाहरुमा लागु औषधजन्य अपराधहरु नियन्त्रण गर्न यस प्रदेशका आमाहरुको सक्रिय भूमिका रहि आएको छ। महिला हिंसा, जुवा-तास, लागु औषध जस्ता अपराध रोकथाम तथा न्यूनीकरणमा यस प्रदेशका आमाहरुले देखाउनु भएको क्रियाशीलता अत्यन्तै सराहनीय छ । लागु औषधजन्य अपराध नियन्त्रणका लागि विद्यमान कार्ययोजनालाई परिष्कृत गरी मिति २०८०/१२/१४ गते मोरङ जिल्लाको बेलबारी नगरपालिकाबाट "दुर्व्यसन विरुद्ध आमाहरू" कार्यक्रमको सुरुवात गरेको कोशी प्रदेश प्रहरी कार्यालयले आगामी दिनमा समग्र कोशी प्रदेशभर यो कार्यक्रमलाई विस्तार गरी लागु गर्ने योजनाका साथ कार्यान्वयन गरिरहेको छ ।



# मधेश प्रदेश




*प्रहरी नायब महानिरीक्षक लालमणि आचार्य*
*मधेश प्रदेश प्रहरी कार्यालय*

नेपालको दक्षिणपूर्वी भागमा अवस्थित मधेश प्रदेशको उत्तर पूर्वमा कोशी प्रदेश,दक्षिण पश्चिममा बागमती प्रदेश र दक्षिणमा भारतसँग अन्तराष्ट्रिय सिमाना रहेको छ भने यस प्रदेश अन्तर्गत ८ वटा जिल्ला, १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिकाहरु रहेका छन् ।

नेपाल र भारत बिच रहेको अन्तर्राष्ट्रिय खुल्ला सिमानाका कारण हुने भन्सार चोरी निकासी पैठारी, हातहतियार तथा लागु औषधको ओसार पसार, चोरी, डकैती, अपहरण, हत्या, मानव बेचबिखन लगायतका प्रमुख सुरक्षा चुनौतीहरु रहेको छ । मधेश प्रदेशमा उपलब्ध सीमित स्रोतसाधनको उच्चतम प्रयोग गरी प्रभावकारी प्रहरी परिचालन मार्फत यस्ता आपराधिक घटनाहरुको अनुसन्धान, रोकथाम, न्यूनीकरण तथा नियन्त्रण गर्ने कार्यमा मधेश प्रदेश प्रहरी कार्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दै राष्ट्र सेवामा योगदान पुऱ्याउँदै आएको छ ।







# बागमती प्रदेश




*प्रहरी नायब महानिरीक्षक कृष्णहरी शर्मा*
*बागमती प्रदेश प्रहरी कार्यालय*

बागमती प्रदेश नेपालको सबैभन्दा बढी जनसंख्या भएको प्रदेश हो। देशको सबैभन्दा ठूलो शहर काठमाडौं उपत्यका यसै प्रदेश अन्तर्गत पर्दछ। उत्तरमा चीन, पूर्वमा कोशी, मधेश प्रदेश, दक्षिणमा भारत र पश्चिममा गण्डकी प्रदेशले घेरिएको यस प्रदेशमा ३ वटा राष्ट्रिय निकुञ्ज, १ संरक्षण क्षेत्र र २ रामसार क्षेत्र गरी ६ वटा संरक्षित क्षेत्रहरु रहेका छन् ।

**चालक सचेतना कार्यक्रम**

बागमती प्रदेश अन्तर्गतका १३ वटा जिल्लाहरु मध्ये काठमाडौं, ललितपुर र भक्तपुर बाहेकका प्रत्यक्षरुपमा १० वटा जिल्लाको शान्ति सुरक्षाको जिम्मेवारी निर्वाह गर्दै आएको बागमती प्रदेश प्रहरी कार्यालयले प्राकृतिक विपद् र सडक दुर्घटनाको चुनौतीलाई सम्बोधन गर्न विभिन्न निकायहरुसँग समन्वय गरी सक्रियताका साथ काम गरिरहेको छ । नागरिकहरुलाई विपद्का घटनाबाट सुरक्षित रहनका लागि सचेतना प्रदान गर्दै उपलब्ध स्रोतसाधन सहित बागमती प्रदेश प्रहरी विपद् उद्धार कार्यमा खटिँदै आएको छ। सुरक्षित ड्राईभिङको लागि चालकहरुलाई प्रतिबद्ध गराउँदै सडक दुर्घटना न्यूनीकरण गर्न बागमती प्रदेश प्रहरी कार्यालयले प्रदेशभर "चालक सचेतना कार्यक्रम" लागु गरी कार्यान्वयन गर्दै आएको छ ।





# गण्डकी प्रदेश




*प्रहरी नायब महानिरीक्षक दुर्गा सिंह*
*गण्डकी प्रदेश प्रहरी कार्यालय*

उत्तरमा चीनको तिब्बत, दक्षिणमा भारतको उत्तर प्रदेश, पूर्वमा बागमती प्रदेश र पश्चिममा लुम्बिनी प्रदेशले घेरिएको गण्डकी प्रदेशको क्षेत्रफल २१,५०४ वर्ग किलोमिटर रहेको छ। यो प्रदेश हिमालदेखि तराईसम्मका ११ जिल्लामा विभाजित रहेको छ ।

सामाजिक, धार्मिक एवम् सांस्कृतिक विविधताले भरिपूर्ण स्वदेशी तथा विदेशी पर्यटकहरुको पर्यटकीय गन्तव्यका रुपमा परिचित रहेको छ । गण्डकी प्रदेशमा देखापरेका लागु औषध, ठगी, लुटपाट, चोरी, डकैती, मानव बेचबिखन जस्ता सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै गण्डकी प्रदेश प्रहरी कार्यालयले आफ्नो जिम्मेवार क्षेत्रभित्र पर्ने ११ वटा जिल्लाहरुमा रहेका राज्यका विभिन्न निकायहरुसँग समन्वय गरी बजार क्षेत्र, सडक, चोक, साँघुरा बाटाहरुमा सिसिटिभि क्यामेराको व्यवस्थापन गरी प्रहरी कार्यालयबाटै त्यस्ता स्थानहरुमा निगरानी बढाइरहेको छ । प्रविधिको प्रयोग मार्फत घटनाहरुको अनुसन्धान गरी स्वदेशी तथा विदेशी नागरिकहरुलाई सुरक्षाको प्रत्याभूति दिलाउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै सुरक्षित पर्यटन प्रवर्धनमा विशेष योगदान दिँदै आएको छ।





*ध्वनि प्रदूषण र स्वरुप परिवर्तन गरिएका मोटरसाइकल नियन्त्रण ।*



# लुम्बिनी प्रदेश




*प्रहरी नायब महानिरीक्षक कुबेर कडायत*
*लुम्बिनी प्रदेश प्रहरी कार्यालय*

लुम्बिनी प्रदेश अन्तर्गत १२ वटा जिल्लाहरु रहेका छन् । यस प्रदेशमा ४ वटा उपमहानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १०९ वटा स्थानीय तहहरु रहेका छन् ।

**आत्महत्या विरुद्धको अभियान**

विकास र समृद्धिको प्रचुर सम्भावना बोकेको उत्तरमा पुथा हिमालदेखि दक्षिणमा मर्चवारसम्म र पूर्वमा त्रिवेणीदेखि सुस्ता पश्चिम, राजापुरसम्म फैलिएको लुम्बिनी प्रदेशमा पछिल्लो समयमा बढ्दो क्रममा रहेको आत्महत्याको घटनाले घर, परिवार र समग्र समाजलाई गम्भीर असर पारिरहेको परिप्रेक्ष्यमा लुम्बिनी प्रदेश प्रहरी कार्यालयले आफ्नो जिम्मेवार क्षेत्रभित्र रहेका १२ वटै जिल्लाहरुमा आत्महत्या विरुद्धको अभियान सञ्चालन गरेको छ । प्रदेश सरकार, स्थानीय सरकार, समुदाय तथा विभिन्न सरोकारवाला निकायहरुसँगको छलफल तथा अन्तर्क्रिया मार्फत यस कार्यालयले आत्महत्या न्यूनीकरण कार्ययोजना २०८१ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । सम्बन्धित सबै पक्षहरुलाई आत्महत्या न्यूनीकरण जस्तो गम्भीर सामाजिक समस्या समाधानको लागि एकजुट भएर अगाडि बढ्न आव्हान समेत गरिएको छ ।





# कर्णाली प्रदेश

कर्णाली प्रदेश अन्तर्गत १० जिल्लाहरु रहेका छन्। पूर्वमा गण्डकी प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेश, उत्तरमा मित्रराष्ट्र चीन र दक्षिणमा लुम्बिनी प्रदेश रहेको यस प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा रहेको छ । कुल क्षेत्रफल २७,९८४ वर्ग कि.मि. रहेको यस प्रदेशमा १२ संघीय निर्वाचन क्षेत्र, २४ प्रदेश सभा निर्वाचन क्षेत्र, २५ नगरपालिका, ५४ गाउँपालिका र ७१८ वटा वडाहरु रहेका छन् भने प्रदेशको कुल जनसंख्या १६,८८,४१२ रहेको छ ।




*प्रहरी नायब महानिरीक्षक जनक भट्टराई*
*कर्णाली प्रदेश प्रहरी कार्यालय*

## सुरक्षित कर्णाली प्रदेश विशेष अभियान

कर्णाली प्रदेश अन्तर्गतका १० जिल्लाहरुको जिम्मेवार क्षेत्रभित्र उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोग गरी अपराध अनुसन्धान, रोकथाम तथा नियन्त्रण गर्दै शान्ति सव्यवस्था कायम गरी नागरिकहरुलाई जनधनको सुरक्षाको प्रत्याभूति दिलाउने कार्यमा विशेष भूमिका निर्वाह गर्दै आएको छ । कर्णाली प्रदेश प्रहरी कार्यालयले पछिल्लो समयमा नागरिकहरुमा सुरक्षा सचेतनाको कमी भएको कारणबाट समाजमा आपराधिक घटनाहरुको वृद्धि भइरहेको विद्यमान अवस्थालाई मध्यनजर गर्दै "सुरक्षित कर्णाली प्रदेश विशेष अभियान" सञ्चालनमा ल्याएको छ। यस अन्तर्गत जिम्मेवार प्रहरी कर्मचारी र आपतकालीन सेवा प्रदायक (एम्बुलेन्स, दमकल, शववाहन आदि) संस्थाहरुको फोन नम्बर सहितको सूचनामूलक स्टिकर प्रत्येक नागरिकको घरदैलोमा र प्रहरी कार्यलयको चौकी स्तरसम्म टाँस गरिएको छ । जसबाट नागरिकलाई आपतकालीन अवस्थामा तत्काले प्रहरी वा सेवा प्रदायक निकायमा सम्पर्क गरी सेवा लिन सहज भएको छ।



# सुदूरपश्चिम प्रदेश



*प्रहरी नायब महानिरीक्षक रविन्द्र के.सी.*
*सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय*

नेपालको सबैभन्दा पश्चिममा अवस्थित सुदूरपश्चिम प्रदेश, पूर्वमा कर्णाली र लुम्बिनी प्रदेश, पश्चिम र दक्षिणमा भारतीय सिमा र  उत्तरमा चीनको सिमा क्षेत्रले घेरिएको छ । यस प्रदेश अन्तर्गत जम्मा नौ वटा जिल्लाहरू रहेका छन्। यस प्रदेशमा हिमाल, पहाड र तराई तीनवटा भूभाग पर्छन् । खप्तड, शैलेश्वरी, वडिमालिका जस्ता धार्मिक तथा पर्यटकीय क्षेत्रहरू समेत पर्दछन्। खप्तड र शुक्लाफाँट राष्ट्रिय निकुञ्जले यस प्रदेशलाई सम्वृद्ध बनाएको छ भने सेती, बुढी गंगा, चौलानी र महाकाली जस्ता प्रमुख नदीहरू यस क्षेत्रबाट बग्छन् । यस प्रदेशको घोडाघोडी ताल (कैलाली) विश्व सम्पदा सूचीमा सूचीकृत सिमसार क्षेत्र हो ।

### जातीय भेदभाव विरुद्धको अभियान

सुदूरपश्चिम प्रदेशमा जातीय भेदभाव र छुवाछुत व्याप्त सामाजिक समस्याको रूपमा रहेको छ। प्रहरीको प्रयासका बाबजुद परम्परागत अभ्यासहरूले यस्ता समस्याहरूलाई बढावा दिइरहेको छ जसले विभिन्न रूपमा भेदभाव निम्ताइरहेको छ। पीडितहरूमा भएको कानूनी अनभिज्ञताको कारणले थोरै संख्यामा बाहेक जातीय भेदभाव र छुवाछुत सम्बन्धी उजुरी परेको देखिदैन। छुवाछुत तथा जातीय विभेद रोकथाम तथा नियन्त्रणका लागि सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले गत वर्षदेखि अभियानको रूपमा विभिन्न सचेतनामूलक कार्यक्रमहरू गर्दै आएको छ । गत वर्ष जातीय विभेद तथा छुवाछुत निवारणका लागि २१५ वटा सचेतनामूलक कार्यक्रमहरू यस प्रदेशमा सञ्चालन गरिएको थियो ।






नेपाल प्रहरीको प्रदेशगत प्रहरी जनशक्ति विवरण

आधुनिक प्रहरी

# प्रविधिमैत्री सेवा

| | | |
|---|---|---|
| ०१ | ४,५०० | अनलाईन प्रहरी चारित्रिक प्रमाणपत्र प्रणाली |
| ०२ | १५ | नेपाल प्रहरी मोबाइल एप |
| ०३ | ३,००० | नेपाल प्रहरी आधिकारिक वेबसाइट |
| ०४ | ४,७३९ | ट्राफिक नियम उल्लङ्घन जरिवाना भुक्तानी प्रणाली |
| ०५ | १३७ | हराएका कागजात |
| ०६ | ३४५ | ने.प्र.अ. विरामी पोर्टल |

## सेवा र सशक्तीकरणको विरासतलाई सुसंस्कृत गर्दै

# नेपाल प्रहरी श्रीमती संघ






नेपाल प्रहरी श्रीमती संघको स्थापना वि.सं. २०४१ भाद्र ४ गते भएको हो। "सेवा नै धर्म हो" भन्ने भावनाका साथ नेपाल प्रहरीका परिवारहरु (श्रीमतीहरु) लाई सामाजिक सेवामा सहभागी हुन उत्प्रेरित गर्दै राष्ट्र सेवाको महान कार्यका लागि सङ्गठित गर्ने विशुद्ध अवधारणाबाट सञ्चालित यस गैरनाफामूलक संस्थाले राहत सहायता, शिक्षा, स्वास्थ्य लगायतका विभिन्न क्षेत्रहरुमा बहुआयामिक कल्याणकारी पहलहरु मार्फत निर्णायक भूमिका खेल्दै वर्षौंदेखि परोपकारी कार्यहरु गर्दै आएको छ ।

स्थापनाकालदेखि नै संघले प्रहरी परिवारका महिलाको उत्थानमा मात्र नभई सिप विकास, आय आर्जन, क्षमता अभिवृद्धि र सचेतना अभियानमार्फत समग्र महिला सशक्तीकरणका लागि उत्प्रेरित गर्नेतर्फ पनि आफ्नो प्रयासलाई जारी राख्दै आएको छ।

नेपाल प्रहरी श्रीमती संघले बहालवाला, सेवानिवृत्त, अमर प्रहरी र घाइते प्रहरी कर्मचारीहरुको परिवार र सन्ततिहरुलाई उनीहरुको शैक्षिक वृत्तिविकासमा छात्रवृत्ति र आर्थिक सहायता मार्फत योगदान पुऱ्याउँदै आएको छ भने ज्येष्ठ नागरिक र प्रकोप पीडितहरुका लागि समय समयमा नि:शुल्क स्वास्थ्य शिविरहरु सहित राहत सहायता कार्यक्रमहरु मार्फत सहयोग प्रदान गर्दै आइरहेको छ।

प्रहरी परिवारलाई आत्मनिर्भर बनाउने सन्दर्भमा नेपाल प्रहरी श्रीमती संघले पर्यायवाचीको रुपमा कार्य गर्दै आएको छ। संघले बहालवाला र सेवानिवृत्त नेपाल प्रहरीका कर्मचारीहरुको परिवारको आर्थिक सवलीकरणका लागि सिपमा आधारित तालिम कार्यक्रमहरु मार्फत उपकरणहरु प्रदान गर्दछ। त्यसैगरी संघले कलेज अफ बिजनेस म्यानेजमेन्ट, विभिन्न सरकारी एवम् गैरसरकारी शिक्षण संस्थाहरुसँग गरेको संस्थागत सहकार्यले बहालवाला, सेवानिवृत्त, घाइते, र अमर प्रहरी कर्मचारीका सन्ततिहरुको शैक्षिक उन्नयनका लागि आंशिक र पूर्ण छात्रवृत्ति दिलाउने कार्यमा योगदान गरेको छ ।

शैक्षिक र अन्य व्यावसायिक क्षेत्रहरु बाहेक संघले लागु औषधको दुर्व्यसनमा रहेका तथा लागु औषधको निर्भरतासँग संघर्ष गरिरहेका व्यक्तिहरुलाई जिम्मेवार नागरिक बनाउन काठमाडौं, धरान र कैलालीमा सञ्चालित पुन:स्थापना केन्द्रहरु मार्फत उनीहरुको आशाको किरणको रुपमा काम गर्दै आएको छ ।

यसरी नेपाल प्रहरीका परिवारको पारिवारिक जीवनमा मात्र नभई बृहत् समुदायमा समेत निरन्तर सेवा गर्दै आएको विषयले संघको मार्गदर्शक सिद्धान्तहरुप्रतिको प्रतिबद्धतालाई झल्काउँछ।



*नेपाल प्रहरी श्रीमती संघका कार्यकारी समितिका पदाधिकारीहरुसँग अध्यक्ष लक्ष्मी कुँवर (पहिलो पंक्तिको बायाँबाट तेस्रो) ।*









*मानवीय सहायता सेवा र सामाजिक कल्याणका गतिविधिहरु ।*

## पर्यटक सुरक्षा

# पर्यटक प्रहरी

पर्यटक प्रहरी माघ १२, २०३५ मा गठन भएको हो। संस्कृति, पर्यटन र नागरिक उड्यन मन्त्रालय, पर्यटन विभाग अन्तर्गत पर्यटक प्रहरीले पर्यटक सुरक्षामा समर्पित एकाइको रूपमा कार्य गर्दछ। "पर्यटकको सुरक्षाका लागि पर्यटक प्रहरी" भन्ने नारा सहित सञ्चालनमा रहेको यो एकाइमा हाल प्रहरी नायब उपरीक्षकको नेतृत्वमा २३९ जना प्रहरी कर्मचारीहरु कार्यरत छन्। पर्यटक प्रहरीले नेपाल भ्रमणमा आएका पर्यटकहरुलाई सहजीकरण गर्नुका साथै उनीहरुलाई सुरक्षा पनि प्रदान गर्दछ । पर्यटकीय स्थलहरुमा गस्ती गर्ने, पर्यटकका लागि आवश्यक सूचना आदानप्रदान गर्ने, पर्यटकबाट प्राप्त भएका उजुरीका सम्बन्धमा सत्य तथ्य बुझ्ने लगायतका कार्यहरु मार्फत नेपालमा सुरक्षित पर्यटन प्रवर्धनका लागि पर्यटक प्रहरीले विशेष योगदान पुऱ्याएको छ ।










पर्यटक सहजीकरण ।

विश्व शान्ति

# संयुक्त राष्ट्रसंघ शान्ति स्थापना







संयुक्त राष्ट्रसंघ मिसन अन्तर्गत हाल शान्ति स्थापनार्थ विभिन्न मुलुकमा (पि लेभलमा ४ जना सहित) २३ पुरुष र १० महिला गरी ३३ जना प्रहरी कर्मचारीहरु कार्यरत रहेका छन् ।

* संयुक्त राष्ट्रसंघ प्रहरी आकृति यु.एन. पिस किपिङ्ग इन्फोग्राफिक्सबाट साभार गरिएको ।

## कानून कार्यान्वयनमा अन्तर्राष्ट्रिय समन्वय र सहायता

# इन्टरपोल

विश्वव्यापी कानून प्रवर्तनमा सक्रिय सहकार्य मार्फत सीमापार र अन्तर्राष्ट्रिय अपराधहरुको सम्बोधन गर्न इन्टरपोलको एक प्रमुख सदस्यको रूपमा नेपाल प्रहरीले महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै सीमापार अपराधहरु विरुद्ध लड्न, समन्वय गर्न, सूचना आदान प्रदान गर्न र विश्वव्यापी कानून प्रवर्तनका प्रयासहरुमा भरपर्दो आधार समेत बनाएको छ। नेपाल प्रहरीले इन्टरपोलका विभिन्न महत्वपूर्ण कार्यक्रम तथा गतिविधिहरुमा भाग लिई अन्तर्राष्ट्रिय स्तरमा आफ्नो उपस्थितिलाई थप बलियो समेत बनाएको छ । वि.सं. २०८० साल मंसिर महिनामा अस्ट्रियाको भियनामा भएको इन्टरपोल महासभा र वि.सं.२०८१ साल वैशाख महिनामा फ्रान्सको लियोनमा भएको Heads या NCB Conference मा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर नेतृत्वको प्रतिनिधिमण्डल सहभागी भई अन्तर्राष्ट्रिय कानूनी सहयोग, सहकार्य र समन्वयलाई बढाउने, अन्तरदेशीय अपराधहरु विरुद्ध लड्ने र विश्वव्यापी अपराध चुनौतीहरु कम गर्ने विषयहरुमा केन्द्रित रही छलफल भएको थियो ।

नेपाल प्रहरीले पनि अन्तर्राष्ट्रिय प्रहरी समन्वयलाई उच्च प्राथमिकतामा राखि विभिन्न कार्यक्रमहरु आयोजना गर्नुका साथै इन्टरपोलद्वारा आयोजित कार्यक्रमहरुमा समेत सक्रिय सहभागिता जनाएको छ । जसमा, इन्टरपोलको Project Soteria अन्तर्गत मधेश र कर्णाली प्रदेशहरुमा यौन दुर्व्यवहार र सम्बन्धित अपराधहरुमा केन्द्रित Fact Finding Mission सञ्चालन, सीमापार अपराध नियन्त्रणको प्रयासहरु बढाउँदै सीमा व्यवस्थापन अधिकारीहरुका लागि 'Soteria Operational Training for Border Management Officials' लगायतका अन्य विविध गतिविधि तथा कार्यक्रमहरु सञ्चालन भएको थियो ।

गत वर्ष मात्र नेपाल प्रहरीले अन्तर्राष्ट्रिय न्यायप्रतिको आफ्नो प्रतिबद्धतालाई जोड दिँदै नेपाल र विदेशमा इन्टरपोल रेड नोटिस जारी भएका विभिन्न मुद्दाका १७ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरी कानूनी दायरामा ल्याउन सफल भएको थियो। साथै, इन्टरपोलमा सक्रिय भूमिकाको माध्यमबाट नेपाल प्रहरीले अन्तर्राष्ट्रिय अपराधलाई सम्बोधन गर्न र विश्वव्यापी कानून प्रवर्तनमा योगदान पुऱ्याउने काममा सफलता हासिल गरेको छ ।



फ्रान्सको लियोनमा आयोजित एन. सि. बि. प्रमुखहरुको १९ औं बैठकमा सहभागी हुनुहुँदै प्र.म.नि. बसन्त बहादुर कुँवर ।



माननीय गृहमन्त्री रमेश लेखकको प्रमुख आतिथ्यतामा अन्तर्राष्ट्रिय प्रहरी समन्वय दिवस, २०८१ मनाइँदै ।


अन्तर्राष्ट्रिय प्रहरी सहकार्य दिवस, २०८१ को अवसरमा आयोजित वाकाथन ।

# ९८ औं प्रहरी दिवस















नेपाल प्रहरी कार्यदक्षता मूल्याङ्कन, २०८० मा सर्वोत्कृष्ट प्रदेश प्रहरी कार्यालय गण्डकीका प्रमुख प्र.ना.म.नि. बुद्धिराज गुरुङ्ग ६८ औं प्रहरी दिवसको अवसरमा "प्रहरी ब्याटन" ग्रहण गर्नुहुँदै ।




अमर प्रहरीप्रति श्रद्धाञ्जली अर्पण गरिँदै ।

दर्शकको ढुकढुकी

# खेलकुदमा नेपाल प्रहरी







नेपाल प्रहरीका पाँच खेलाडीहरु सहभागी नेपाली राष्ट्रिय महिला फुटबल टिम West Asian Football Federation (WAFF) महिला च्याम्पियनशिप २०२४ मा उपविजेता हुन सफल ।

बुकी कप २०८० पुरुष भलिबल तर्फको उपविजेता बन्न सफल ।

८ औं राष्ट्रिय NVA भलिबल च्याम्पियनशिपमा पुरुष र महिला तर्फको दुबै समूहमा 2nd रनर अप ।

पुरुष र महिला तर्फ लामाचौर कप भलिबल प्रतियोगिताको विजेता ।

तेन्जिङ हिलारी एभरेस्ट म्याराथन सन् २०२४ मा नेपाल प्रहरीको तर्फबाट सहभागी खेलाडी लाक्पा निमा शेर्पा स्वर्ण पदक विजेता ।

सन् २०२४ को राष्ट्रिय गोल्डेन एथलेटिक्स मिटमा ५ स्वर्ण, ६ रजत र ७ कांस्य पदक प्राप्त ।

२६ औं पुरुष र एघारौं महिला राष्ट्रिय भारोत्तोलन च्याम्पियनशिपमा पुरुष टोलीले विभिन्न प्रतियोगितामा २१ स्वर्ण, ४ रजत र ४ कांस्य पदक एवम् महिला टोलीले २४ स्वर्ण र ४ कांस्य पदक जित्न सफल ।

१९ औं राष्ट्रिय जूडो च्याम्पियनशिपमा ८ स्वर्ण, २ रजत र २ कांस्य पदक प्राप्त गर्न सफल ।

श्रीलंकामा भएको दक्षिण एशियाली युवा टेबल टेनिस च्याम्पियनशिपमा U-15 श्रेणीमा महिला एकल, डबल्स र टोली इभेन्टमा ३ कांस्य पदक जित्न सफल ।

चीनमा आयोजित पहिलो एशियन विश्वविद्यालय उशु च्याम्पियनशिप २०२४ मा जुनु स्यांबो लामा र निमा घर्ति मगरले तेस्रो स्थान प्राप्त गर्न सफल ।

७ औं दक्षिण एशियाली कराते च्याम्पियनशिप २०२३ मा ९ स्वर्ण, २ रजत र १ कांस्य पदक  प्राप्त गर्न सफल ।

एरिका गुरुङले U-21 को ३८ के.जी + श्रेणीमा स्वर्ण पदक र ६८ के.जी + श्रेणीमा रजत पदक जित्न सफल ।

५६ औं राष्ट्रिय कराते च्याम्पियनशिपमा १५ स्वर्ण, २ रजत र ३ कांस्य पदक जित्न सफल ।

८ औं दक्षिण एशियाली कराते च्याम्पियनशिपमा १३ स्वर्ण, ४ रजत र १७ कांस्य पदक प्राप्त गर्न सफल ।

पाकिस्तानमा आयोजित पाचौं बमबक्स एशियन खुला तेक्वान्दो च्याम्पियनशिपमा अश्मिन राउतले स्वर्ण पदक र अञ्जली तामाङले रजत पदक जित्न सफल ।

श्रीलंकामा आयोजित पहिलो एशियन अन्तर्राष्ट्रिय खुला तेक्वान्दो च्याम्पियनशिप २०२३ मा इन्दिरा बस्नेतले स्वर्ण पदक जित्न सफल ।

जापानको ओसाकामा २० औं जापान वाता ओपन तेक्वान्दो च्याम्पियनशिपमा सुष्मा श्रेष्ठले स्वर्ण पदक र बिर बहादुर महराले रजत पदक जित्न सफल ।

११ औं सेओङ्नाम ओपन तेक्वान्दो च्याम्पियनशिप पूमसे इभेन्टमा प्रेम बहादुर लिम्बुले रजत पदक जित्न सफल ।








अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (ICC) ले सार्वजनिक गरेको पछिल्लो वरियतामा नेपाल पुलिस क्रिकेट टोलीका अलराउन्डर दीपेन्द्र सिंह ऐरी आफ्नो उत्कृष्ट प्रदर्शनका कारण आईसीसी टी-२०I को अलराउन्डर वरियतामा छैटौंबाट दोस्रो स्थान ग्रहण गरेका छन् ।

---

## उन्नाइसौं एशियन खेल २०२३

मित्रराष्ट्र चीनमा सेप्टेम्बर २३ देखि अक्टोबर ८, २०२३ मा आयोजना भएको खेलमा ४७ सदस्यीय नेपाल प्रहरीको टोलीले नेपालको प्रतिनिधित्व गर्दै महिला फुटबल, पुरुष क्रिकेट, कराते, टेबल टेनिस, तेक्वान्दो, वुशु, जूडो, बक्सिङ, ब्याडमिन्टन, कबड्डी, आर्चरी, महिला/पुरुष भलिबल, एथलेटिक्स र भारातोलन जस्ता विविध विधाहरुमा सहभागिता जनाएको ।

उक्त खेलकुदमा एरिका गुरुङले रजत पदक र महिला राष्ट्रिय कबड्डी टोलीका प्रहरी सहायक हवल्दार नीतु गुरुङ, मानमती बिष्ट र अर्पना चौधरीले कांस्य पदक प्राप्त गर्न सफल ।

प्र.ह विशाल सिंह विष्टले ९६ के.जी तौल समूहमा तीन नयाँ राष्ट्रिय कीर्तिमान कायम गर्दै इतिहासमा ३०० के.जी भन्दा बढी तौल उचालेको पहिलो नेपाली ह्वाइटलिफ्टरको रुपमा आफ्नो नाम लेखाउन सफल ।

नेपाल प्रहरीका पाँच खेलाडीहरु प्र.ज दीपेन्द्र सिंह ऐरी, प्र.ज कुशल भुर्तेल, प्र.का.स सागर ढकाल, करारका खेलाडीहरु करण के.सी. र गुल्शन कुमार झा समेत सहभागी राष्ट्रिय क्रिकेट टोलीले महत्वपूर्ण भूमिका खेलेका । नेपाल प्रहरीका खेलाडी दीपेन्द्र सिंह ऐरीले मङ्गोलिया विरुद्धको खेलमा ६ बलमा ६ छक्का हानेर ५२ रनको नट-आउट स्कोर बनाएको र ९ बलमा अर्धशतक बनाएर विश्व रेकर्ड कायम गर्न सफल ।

जनभावना सहितको प्रहरी कार्य

# दृष्टिकोण तथा मार्गदर्शन



*नेपाल प्रहरी गार्विलो इतिहास बोकेको सङ्गठन हो । दक्षिण एसियाली राष्ट्रहरूका प्रहरी सङ्गठनहरूको कार्यसम्पादनको तुलनामा नेपाल प्रहरी सङ्गठनको कामलाई अब्बल मानिएको छ । कानूनी व्यवस्था, शान्ति सुरक्षा, अपराध अनुसन्धान, विपद् व्यवस्थापन जस्ता क्षेत्रमा नेपाल प्रहरीले पुऱ्याएको योगदान अतुलनीय र सधैं प्रशंसनीय छ । संयुक्त राष्ट्र संघीय शान्ति मिसनका माध्यमबाट नेपाल प्रहरीले नेपाललाई विश्व मानचित्रमा सधैं सम्मानित गराएको छ । यी सबका बाबजुत आगामी दिनमा यो सङ्गठन अझ बढी व्यावसायिक हुन आवश्यक छ । सङ्गठन माथि हुने राजनीतिक हस्तक्षेपले यसको गरिमामा असर पुगेको छ, यसतर्फ सबै सजग हुन आवश्यक छ । आफ्ना सेवाहरूका बारेमा गहन समीक्षा गरी आफूलाई पुनर्ताजगी गर्न आवश्यक छ । यो अवसरमा नेपाल प्रहरी देश र जनताका लागि थियो, छ र सधैं रहिरहनेछ भन्ने सत्य र तथ्य अझै स्थापित हुँदै जाओस् यही मेरो शुभेच्छा र शुभकामना ।*

*- डा. भीमार्जुन आचार्य, अधिवक्ता, संविधानविद्*



*देशको सुरक्षाको जिम्मेवारी सम्हालिरहेको नेपाल प्रहरी उदाहरणीय सङ्गठन हो । सुरक्षाको मामलामा अब्बल ठहरिंदै आएको प्रहरीले देशको खेलकुद विकासमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । विभिन्न खेलका खेलाडीको नियमित अभ्यासको व्यवस्थापन गरी व्यावसायिक खेलाडी तयार गरेर देशको नाम तथा स्वाभीमान अन्तर्राष्ट्रिय जगतमा उचो राख्नमा नेपाल प्रहरीको भूमिका अतुलनीय रहेको छ । प्रहरीका विभिन्न पक्षलाई समट्दै प्रकाशन गरिएको प्रहरी दर्पण २०८१ लाई नेपाल ओलम्पियन एसोसिएसनको तर्फबाट शुभकामना।*

*- दिपक विष्ट, अध्यक्ष, नेपाल ओलम्पियन एसोसिएसन*



*६९ औं प्रहरी दिवसको अवसरमा नेपाल प्रहरी र यसका सदस्यहरूलाई हार्दिक बधाई दिन चाहन्छु । नेपाल प्रहरीले सधैं आम नागरिक र समाजका लागि सरकारको नजिकको प्रतिनिधिको रुपमा काम गर्दै आएको छ । सीमित स्रोतसाधनका बाबजुद नागरिक र समाजका लागि उल्लेख्य सेवा गर्दा गर्दै पनि कहिलेकाहीं नागरिकस्तरबाट प्रहरीप्रति गुनासोका स्वरहरु सुनिन्छन् किनभने जनताले उनीहरूबाट पूर्णताको अपेक्षा गरेका हुन्छन् । नेपाल प्रहरीले कला, संगीत, संस्कृति, खेलकुद लगायतका माध्यमबाट देश र नागरिक हितका लागि पुऱ्याउँदै आएको योगदान अत्यन्त प्रशंसनीय छ । सदैव नागरिक-प्रहरी हातेमालो गरी अघि बढौं । आगामी दिनमा नेपाल प्रहरी अझ बढी सहज पहुँचयोग्य, नागरिकमैत्री र सुदृढ बनोस् भन्ने कामना गर्दछु ।*

*- दिपाश्री निरौला, कलाकार*



*कैयौं कठिनाइ र सीमितताका बाबजुद पनि नेपाल प्रहरीले राज्य प्रदत्त कानूनबाट निर्देशित रही प्रहरीको व्यावसायिक मूल्य मान्यता र अभ्यासबाट आम जनताको जिउधन र मर्यादा जस्ता मानवीय सुरक्षाका आधारहरुको संरक्षण गर्नु पर्दछ । यस क्रममा सार्वजनिक सुरक्षा, राज्य-सत्ताको सुरक्षा र राष्ट्रिय सुरक्षाको विभिन्न चरित्रमा नेपाल प्रहरी बारम्बार परीक्षित हुनु परिरहेकै पनि छ । यस सन्दर्भमा हरेक परीक्षणहरुमा पटक पटक खरो उत्रन सफल "नेपाल प्रहरी" आफैमा एउटा सङ्गठन मात्रै होइन बरु सुस्थापित अखण्डता हासिल गरिसकेको र पूर्ण व्यावसायिकता तर्फ सदा उन्मुख "मानक राष्ट्रिय पद्धती" पनि हो । कानूनी शासनको बलमा समाजमा परिणाममूलक अपराध नियन्त्रण र अनुभूतिमूलक आम सुरक्षाको माध्यमबाट राष्ट्रिय सुरक्षा अभिवृद्धि गर्नमा "नेपाल प्रहरी प्रणाली" को अपरिहार्यता, सुदृढता र ऐक्यबद्धताप्रति सबै सरोकारवालाहरुले आत्मसाथ गर्न आवश्यक छ । ६९ औं प्रहरी दिवसको हार्दिक मंगलमय शुभकामना ।*

*- देबेन्द्र सुवेदी, प्र.अ.म.नि. (अ.प्रा.)*



*आन्तरिक सुरक्षा व्यवस्थापनको प्रमुख निकायको रुपमा रहेको नेपाल प्रहरीलाई अझै सक्षम, सबल र सुदृढ बनाउनु जरुरी छ। आजको प्रहरी परम्परागत शैलीको प्रहरी होइन, जनता र सरकार बिचको मुख्य सेतुको काम गर्ने जन उत्तरदायी प्रहरी हो। सङ्गठनभित्र मानवीय पक्षको संवेदनशीलतालाई महत्व दिँदै अपराध अनुसन्धान, नियन्त्रण तथा प्रभावकारी विपद् व्यवस्थापनका लागि उच्च प्रविधि र भरपर्दो स्रोतको उपलब्धतामा सरकारले विशेष जोड दिनु पर्दछ ।*

*- गोविन्द प्रसाद कुसुम, पूर्व गृह सचिव*



कुनै कुनै अभिभावकले आफ्ना बालबालिकाहरुले खाना नखाँदा, नपढ्दा र कुनै काम बिगार्दा पुलिस आएर लैजान्छ भनेर डर देखाइरहेका हुन्छन् । त्यस्तो गर्नुको सट्टा उनीहरुलाई यदि कसैले डर त्रास देखायो, ललाई फकाई गर्यो, प्रलोभनमा पार्न खोज्यो वा कुनै आपत् विपद् पर्‍यो भने पुलिसलाई खबर गर्नु पर्छ भनेर सानै देखि सिकाउन जरुरी छ। प्रहरी बिनाको समाज कल्पना मात्र गर्न सकिन्छ तर व्यवहारमा सम्भव हुँदैन। नेपाल प्रहरी राज्यको स्थायी संरचना हो, सरकार परिवर्तनशील हुन्छ, कहिलेकाहीँ सरकार रिक्तताको अवस्था पनि हुन सक्छ, त्यस्तो अवस्थामा प्रहरी प्रशासनको भूमिका अझ महत्वपूर्ण हुन्छ। देशमा परेको आपत विपद्मा, दैवी प्रकोपको समयमा आफ्नो ज्यानको बाजी लगाएर राष्ट्रसेवक प्रहरीले योगदान गरी नै रहेको छ। प्रत्येक नागरिकले प्रहरीलाई आफ्नो साथी ठानुन्, बालबालिकाले आफ्नो अभिभावक जस्तै पाउन्। प्रहरी जनतामैत्री एवम् जनता प्रहरीमैत्री बन्न सके समाजमा अपराधीले शिर ठाडो गर्न सक्दैन । ६९ औं प्रहरी दिवसको हार्दिक शुभकामना ।

- हरिबंश आचार्य, कलाकार



नेपाली नागरिकमा शान्ति र सुरक्षाको निरन्तर अनुभूतिमा नेपाल प्रहरीको सफल कार्यको परिकल्पना गरिएको छ । धेरै जटिल आपराधिक मुद्दाहरु नेपाल प्रहरीले आफ्नो सक्षम व्यावसायिक मनोबल देखाएर दशकौं पछि पनि समाधान गर्ने गरेको हामीले देखेका छौं । आधुनिक प्रविधिले सुसज्जित आपराधिक गतिविधिहरु निकै चुनौतीपूर्ण बन्दै गएको छ । प्रहरीको व्यावसायिक विकासको लागि सार्वजनिक तथा अन्य सरोकारवालाहरुको नियमित साथ र सहयोग आवश्यक छ। अनुसन्धानलाई सही मार्गमा लैजान र मुलुकमा विधिको शासन स्थापनाका लागि सफलता हासिल गर्न विधिविज्ञान प्रयोगशाला र मेडिको-कानूनी क्षेत्र दुवैमा फरेन्सिक क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ । यी वैज्ञानिक क्षेत्रहरुले मुद्दाको अनुसन्धान गर्दा मानव अधिकारको मूल सिद्धान्तहरुलाई कायम राख्न र सम्मान गर्न ठूलो मद्दत प्रदान गर्दछ । समाजमा शान्ति सुव्यवस्था कायम राख्नुका साथै विभिन्न विपद्का बेला नेपाल प्रहरीले सम्पादन गर्ने गरेका मानवीय सहयोग सराहनीय छ। नेपाल प्रहरीले आधुनिक प्रविधिको प्रयोग गरी आफ्नो व्यावसायिकतामा आउने नयाँ चुनौतीहरुलाई सामना गर्न सक्षम बनोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

- प्रा.डा. हरिहर वस्ती, फरेन्सिक चिकित्सा विशेषज्ञ



सङ्घीय गणतान्त्रिक शासन पद्धतिको सुदृढीकरणका लागि नेपाल प्रहरीको भूमिका बढ्दै गएको छ, सरकारको सहजीकरणमा मात्र यो संगठनले परिवर्तित शासन पद्धतिमा व्यावसायिक ढंगले काम गर्न नेपाल प्रहरीलाई सरकारले सहयोग गर्नु पर्दछ । वार्षिकोत्सवको शुभकामना।

- जय मुकुन्द खनाल, पूर्व गृह सचिव



संघीय प्रहरी संरचना दुई धारको तरबार हो, यसको सफलता यसलाई कसरी व्यावसायिक र कानूनी रुपमा प्रयोग गरिन्छ भन्नेमा निर्भर गर्दछ ।

- रविराज थापा, स.प्र.अ.म.नि (अ.प्रा.)



समस्या पर्दा सम्पर्क गर्ने निकाय नेपाल प्रहरीलाई हामीले विश्वास र सम्मान गर्न आवश्यक छ। नेपाल प्रहरीले महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका लगायत सबै पीडितहरुप्रति समानुभूति राख्न र संवेदनशील हुन आवश्यक छ ।

- रुकमनी महर्जन, अधिवक्ता/सहायक प्राध्यापक, त्रिभुवन विश्वविद्यालय

सदा स्मरणीय

# अमर प्रहरी

*अपेक्षा फलको छैन,*
*सधैं कर्तव्य चिन्तन,*

*आहुति प्राणको दिने*
*तिमीमा अभिनन्दन ।*





प्र.ज. विकाश डाँगी
जि.प्र.का. बाँके
२०८०/१०/१४



प्र.ज. विशाल वली
अ.प्र.पो. मदनचोक, बाँके
२०८०/०८/२८



प्र.ज. बिनोद बहादुर ऐडी
जि.प्र.का. बाँके
२०८०/९/१८



प्र.ज. धनमाया थापा मगर
जि.प्र.का. दाङ्ग
२०८०/११/३



प्र.ज. दिनेश बहादुर परियार
जि.प्र.का. पर्सा
२०८१/१/४



प्र.ज. मुनटुन यादव
अ.ट्रा.प्र.पोष्ट अमलेखगंज, बारा
२०८०/१२/२४



प्र.ह. पाण्डव कुमार माझी
प्र.चौ. गोपेटार, पाँचथर
२०८०/१२/७



प्रा.प्र.स.नि.रविन्द्र कुमार ठाकुर
प्र.चौ. रत्नावती, सिन्धुली
२०८१/२/२७



प्र.ज. सौगात थापा
को.प्र.प्र.ता. के. रानी मोरङ्ग
२०८१/४/१०



प्र.ह. शिवन कुमार प्रजा
ई.प्र.का. कोदारी, सि.पा.
२०८०/५/२०



प्र.ज. सोहन चौधरी
जि.प्र.का. दार्चुला
२०८०/११/२८



प्र.स.ह. सुर्य कुमार श्रेष्ठ
प्र.चौ. रत्नावती, सिन्धुली
२०८१/२/२७



प्र.ना.नि. टिकाराम ढुङ्गाना
प्र.चौ. घान्द्रुक, कास्की
२०८०/७/१५



प्र.व.ना.नि. टोप ब. खत्री
ट्रा.प्र.प्रभाग कोटेश्वर
२०८०/११/२७

**नेपाल प्रहरी**
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल, काठमाडौं, नेपाल

| | |
|---|---|
| फोन: | + ९७७ - १ - ५७१९८८६ / ५७१९८८७ |
| इमेल: | info@nepalpolice.gov.np |
| वेब: | www.nepalpolice.gov.np |

| | |
|---|---|
| आकस्मिक: | १०० (प्रहरी कन्ट्रोल) |
| गुनासो: | ११३ (प्रहरी सम्बन्धी) |
| | + ९७७ - १ - ९८५१२९३००० |
| ट्राफिक: | १०३ |
| खोजतलास: | १०४ (बालबालिका) |

शंकास्पद व्यक्ति अथवा गतिविधि बारे जानकारी दिनको लागि
अपराध सूचना सङ्कलन एकाइ (CICU):
+ ९७७-१-५७१९८६८, १६६००१४१५१६ (टोल फ्रि)
+ ९७७-९८४९ ०९११३९
+ ९७७-९८५१२९८१९८

| | |
|---|---|
| मोबाइल एप: | Nepal Police |

www.facebook.com/NepalPolicePHQ
www.instagram.com/nepalpolice
www.twitter.com/NepalPoliceHQ
www.youtube.com/NepalPoliceHQ
www.nepalpolice.gov.np
info@nepalpolice.gov.np

ISBN 978-9937-1-7179-3
9 789937 171793